Vol. 2, Issue 22, August-September, 2015

Hot Nepal Monthly

# हट नेपाल

वर्ष २, पूर्णाङ्क २२, भदौ २०७२, मूल्य रू ३०।-



हलुवाबेदमा
गुलियो भर्ने युवती

सामसुङका
स्मार्ट मिश्र

प्रियंकाको
दीपाश्री मोह

## पति-पत्नीकै
# तीज व्रत






**TISSOT LADY POWERMATIC 80.** AUTOMATIC MOVEMENT AND A MOTHER-OF-PEARL DIAL. 80 HOURS OF POWER RESERVE. **INNOVATORS BY TRADITION.**

TISSOT.CH

**TISSOT**

LEGENDARY SWISS WATCHES SINCE 1853

**SULUX CENTRE**
Hotel Woodland Complex, Durbarmarg

Branches:
Rama Griha, New Road
Bhatbhateni Super Market, Bhatbhateni


Our Pride...
NEPAL'S #1
Khukri
XXX Rum
Khukri
Rum
Nepal's Finest Rum Since 1959
खुकुरि XXX रम
Khukri
XXX Rum
An exeellent and smooth rum
fully matured in oak vats
PRODUCE OF NEPAL
Distilled, Blended & Bottled By
THE NEPAL DISTILLERIES PVT. LTD.
KATHMANDU, NEPAL
www.khukrirum.com
Since
1959
The Nepal Distilleries (P) Ltd.

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

Vol. 2, Issue 22, August-September, 2015

Hot Nepal Monthly

# हट नेपाल

वर्ष २, पूर्णाङ्क २२, भदौ २०७२

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : कविन्द्रमान शाक्य

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
कविन्द्रमान शाक्य
आशाकाजी महर्जन

**ग्राफिक/लेआउट**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
भोटे, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
एक्टिभ प्रिन्टिङ प्रेस
गल्कोपाखा, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१



## १० फेसनमा डुबेको आधुनिक तीज

पछिल्लो समय परम्पराभन्दा केही भिन्न भई भड्किलो गरगहनाको फेसन तथा महंगो खानपानमा तीजको संस्कृति बदलिंदो क्रममा रहेको छ ।

## २० हलुवाबेदमा गुलियो भर्ने जापानी युवती




नेपालमा हलुवाबेदलाई टर्रो फल भनी खासै उपभोग नगरेको देखेर माइको मियाजाकी दिक्क भइन् । उनकै आइडिया र अग्रसरतामा हामीले टर्रो हलुवाबेदमा गुलियो भर्ने काम गर्‍यौं । यस कार्यलाई जापानी भाषामा होसागाकी भनिन्छ। नेपालमा चाहिँ होसागाकीको स्वाद चखाउने काम बल्ल हुँदै छ । अब सायद नेपाली टर्रो हलुवाबेदले टर्रो नै भएर बोटमै कुहिनु नपर्ला ।



## २२ सामसुङका स्मार्ट मिश्र

स्कुल जीवनदेखि नै सफल मेनेजर बन्ने सपना पालेका मिश्रको परिवार भने छोरालाई इन्जिनियर बनाउन चाहन्थे । इन्जिनियरिङ पढेर परिवारलाई खुसी बनाए पनि उनले आफ्नै मनलाई भने खुसी बनाउन सकेनन् ।

## २८ मास्कोमा आनन्ददायी बौद्धविहार



बौद्धमार्गीहरुका लागि मात्र नभई अन्य धर्मावलम्बीहरुका लागि समेत खुला रहने मास्कोको बौद्धविहारको निर्माण सन् २०१७ को अन्त्यसम्ममा पूरा गर्ने योजना रहेको छ ।



## ४० प्रियंकाको दीपाश्री मोह

दीपाश्री र प्रियंकाबीच चलचित्र 'वडा नम्बर ६' को सुटिङताका निर्मात्री र नायिकाको नाताले दुवैबीच त्यति राम्रो सम्बन्ध नभएको गाइँगुइँ हल्ला चले पनि यी दुईबीच असोज १ गतेबाट चलचित्र 'वडा नम्बर ६' रिलिज हुने पक्का-पक्की भएपछि अत्यन्त राम्रो मित्रता भएको छ ।

Registration number **DAO KTM 216/070/71** | **Hot Nepal**, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# तीजमा सुधार

हरेक वर्ष भाद्र शुक्ल पक्षको तृतीया तिथिमा मनाइने हिन्दू नेपाली महिलाहरूको महान चाड तीजको परिभाषा र शैली फेरिएको छ । पछिल्लो समयमा तीजमा नारीवादको कुरा उठ्ने गरेको छ । वर्षभरि कर्मघरमा पाएको पीडा चेलिबेटीले जन्मघरमा गीतको भाकाबाटै व्यक्त गर्ने अनि सीमित अवधिकै लागि भए पनि आराम र स्वच्छन्द हुने पर्वका रूपमा परापूर्वकालमा तीजको सुरूवात गरिएको ऐतिहासिक तथ्य पाइन्छ । विस्तारै कृषि युगबाट औद्योगिक युगतिर लम्किरहेको सामाजिक परिस्थिति अनुसार तीज मनाउने शैलीमा परिवर्तन आउनु र चेलिबेटीका गुनासा एवं समस्या परिवर्तन हुनु स्वाभाविक हो । तर परिस्थिति बदलिए पनि तीजको मूल्य-मान्यता केही पनि बाँकी नरहने गरी पर्व मनाउने परिपाटी विकसित हुन थालेको समेत देखिएको छ । पीडित दिदीबहिनीको नाममा यतिखेर कतिपय स्थानमा तीज आउनु महिना दिनअघिदेखि नै 'तीजको दर' भन्दै महंगा मदिरासँगै रमाइलो गर्ने आधुनिक दिदीबहिनी पनि नदेखिएका होइनन् । यसको अलावा तीजको नाममा महंगा टिकट भिडाएर तारे होटलका कार्यक्रममा रमझम गर्नेहरूको जमात पनि खासगरी राजधानी र मुलुकका प्रमुख शहरमा देखिन थालेका छन् । संस्कृति तथा परम्पराको नाममा विकृतिको खेती हुने गरेको समेत पाइएको छ । तीजलाई आधुनिकीकरण गर्ने नाममा जथाभावी विकृति फैलाउनेहरूलाई सरकारले रोक लगाउन सकिरहेको छैन । सामाजिक सुधार ऐन अनुसार विवाह, व्रतबन्ध जस्ता उत्सवमा खर्च घटाउने सीमा तोकिए पनि त्यही सीमा तीजमा पनि लागू हुनुपर्ने हो तर कार्यान्वयन हुन सकिरहेको छैन ।

परम्परा तथा संस्कृतिको नाममा पुरातनपन तथा अन्धविश्वास अवश्य छन् । तीजको व्रतमा पतिको दीर्घायुका लागि पानी पनि नखाई कठोर व्रत बस्नु पर्ने र जँड्याहा श्रीमान् भए पनि उनकै गन्हाउने खुट्टा धोएर पानी खाएपछि मात्र व्रतको अन्तत्य गरिने पुरातन परम्परामा सुधारको आवश्यकता अवश्य छ । तीज मात्र होइन अन्य पर्व तथा संस्कृतिमा देखिएका विकृतिलाई पनि विस्तारै हटाउँदै लैजानु पर्छ । त्यसो भन्दैमा तीज आउनुभन्दा महिनौं दिनदेखि 'दर खाने' भन्दै चुरोटको धूवाँ र रक्सीको मातमा मातिदै तीज मनाउने परम्परालाई विकृति सिवाय केही भन्न सकिंदैन । तीज त आम नेपाली महिला दिदीबहिनीहरूको पीडालाई मल्हम लगाउने माध्यम बन्नु आवश्यक छ । उनीहरूको दुःखको सहयोगी बन्ने पर्वको रूपमा तीजलाई विकास गरिनु पर्दछ । कृषि युगबाट मुलुकले विस्तारै कोल्टे फेर्दै गए पनि महिलाहरूले भोग्नुपर्ने पीडो अन्त्य भएको छैन । ती पीडालाई समयसापेक्ष रूपमा व्यक्त गर्ने र निराकरण गर्ने दिशातिर तीज अहिले पनि उन्मुख हुनु आवश्यक छ । आजको एक्काइसौं शताब्दीमा भनेजस्तो वर पाउनको लागि एवम् पतिको आयु तथा आरोग्यताका लागि तीजको व्रत लिइनु पर्छ भन्ने कुरामा विश्वास गर्ने नारीहरूको संख्या विस्तारै कमी हुँदै आएको छ । पूजा, व्रत, परम्पराको अनुशरण गर्दा दम्पती तथा परिवारमा मेलमिलाप र आत्मीयता बढ्नेमा चाहिँ सहमत हुन सकिन्छ । समय समयमा व्रत बस्दा शरीर स्वस्थ हुने कुरा त आधुनिक विज्ञानले नै पुष्टि गरिसकेको छ । त्यसैले तीज व्रतको पुरानो अर्थ जे जस्तो भए पनि यसको नयाँ परिभाषा गरिनु आवश्यक छ ।

पतिको आयु र आरोग्यताका लागि व्रत लिने परम्परा चले पनि पत्नीको आयु र आरोग्यताका लागि पुरूषले पत्नीका लागि व्रत बस्ने कुनै पर्व भने छैन । पुरूषप्रधान समाजको दबदबा भएको बेला सुरू गरिएको चाड भएकोले महिलालाई पक्षपात गरिएको देखिन्छ । यसो भन्दैमा नारी-पुरूष समानताका नाममा चाड मनाउने र व्रत बस्ने कुरामा पनि समानता खोजिनु अर्को पाखण्ड हुनजान्छ । पत्नीका लागि व्रत बस्ने तीजको उल्टो अर्को चाडको परिकल्पना गर्नु पनि ढोंग मात्र हुन जान्छ । नारी र पुरूषलाई प्रकृतिले विशिष्ट गुण र क्षमता प्रदान गरेको छ । त्यही गुण र क्षमताका कारण पनि प्राचीन कालमा विभिन्न परम्पराहरूको प्रचलन गरिएका हुन्छन् । यदि पुराना परम्परालाई पछ्याउने हो भने तीजको विशिष्टतालाई पूरै परित्याग गर्ने र सबै नयाँ ढंगले अघि बढाउने गर्न सकिंदैन । यदि त्यसो गर्ने हो भने पर्व मनाउनुको कुनै औचित्य नरहन सक्छ । अहिलेकै परम्परा अनुसार तीज मनाउँदा पनि नारी-पुरूषबीचको मित्रतामा खलल पुगेको छैन, बरू सम्बन्ध प्रगाढ बनाउन मद्दत नै पुगिरहेको छ । केही पुरूषले तीजमा पत्नीसँगै व्रत बसेर नयाँ सुरूवात गर्न थालेको पनि पाइएको छ । यदि खुसीले कुनै पुरूष तीजमा पत्नीका लागि व्रत बस्छ भने त्यसमा कसैले रोकावट गर्नु हुँदैन तर दबाबले व्रत बस्न बाध्य पारियो भने त्यसले समाजमा विकृति र नारी-पुरूषबीच घनिष्ठता होइन फाटो ल्याउनेछ । नेपालका जुनसुकै चाड पर्वको पनि आफ्नै किसिमका विशिष्ट विशेषता रहेका छन् । यदि ती विशेषतालाई हटाउँदै जाने हो भने मनाउनुको कुनै औचित्य नरहन सक्छ । त्यसैले विशेषता बचाएर विकृतिरहित परम्परा जोगाउने काममा नारीहरु लाग्नु पर्छ । त्यसमा पुरूषले सघाउनु पर्छ ।

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

अहिलेकै परम्परा अनुसार तीज मनाउँदा पनि नारी-पुरुषबीचको मित्रतामा खलल पुगेको छैन, बरु सम्बन्ध प्रगाढ बनाउन मद्दत नै पुगिरहेको छ। केही पुरुषले तीजमा पत्नीसँगै व्रत बसेर नयाँ सुरुवात गर्न थालेको पनि पाइएको छ। यदि खुसीले कुनै पुरुष तीजमा पत्नीका लागि व्रत बस्छ भने त्यसमा कसैले रोकावट गर्नु हुँदैन तर दबाबले व्रत बस्न बाध्य पारियो भने त्यसले समाजमा विकृति र नारी-पुरुषबीच घनिष्ठता होइन फाटो ल्याउनेछ।




## ■ अन्तर्राष्ट्रियस्तरको पत्रिका

हट नेपालको म नियमित पाठक हुँ । यसको अंक १ देखि नै मैले संग्रह गरेर राखेको छु । हरेक अंकमा एउटा विषयलाई विशेष रूपमा उठाउने हट नेपालले मलाई मोहनी नै लगाइदिएको छ । यसमा राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय क्षेत्रका कला, मनोरञ्जन तथा पर्यटनसँग सम्बन्धित विषयवस्तु पहिलो अंकदेखि नै मावेश गर्ने गरिएको छ । यो नै यस पत्रिकाको विशिष्टता भएको मलाई लागेको छ । प्रायः नेपाली पत्रिकाले बलिउड तथा हलिउडका प्रसंग नियमित राख्ने गर्छन् तर यसले छिमेकी मित्रराष्ट्र चीनका कला-मनोरञ्जनसँग सम्बन्धित सामग्री नियमित दिने गरेको छ । यही पत्रिकाबाट मैले चीनका मनोरञ्जन गतिविधि बुझ्ने अवसर पाइरहेको छु । यसको छपाइ अन्तर्राष्ट्रिय स्तरको छ तर मूल्य अन्य पत्रिकाभन्दा कम छ । यसकारण पनि यो पत्रिकाले मलाई झन् झन् मोहनी लगाइरहेको छ । यस्तै विशेषता, शैली तथा गुणस्तरलाई कायम राखी सयौं वर्षसम्म हट नेपाल प्रकाशित भइरहोस्, यही शुभकामना दिन चाहन्छु ।

रामहरि पौडेल, त्रिवि कीर्तिपुर ।

## ■ महिला पत्रिका मात्र होइन रहेछ

विगत २१ महिनादेखि नियमित रूपमा प्रकाशन हुँदै आएको मनोरञ्जन र जीवनशैली मासिक पत्रिका हट नेपाल समय सान्दर्भिक पत्रिका लागेको छ । समयको मापन गर्दै पत्रकारिताको विकास गर्ने कार्य हट नेपालबाट भएको मैले अनुभूत गरेकी छु । कहिलेकाहीं यो पत्रिका महिला पत्रिका हो कि जस्तो लाग्ने गरेको छ । तथापि यो मेरो भ्रम मात्र हो भन्ने कुरा हट नेपालका विभिन्न सान्दर्भिक अंकहरूले प्रमाणित गरेर देखाइदिइसकेको छ । निक्कै लामा-लामा लेखरचनाभन्दा छोटा रमाइला प्रसंगले हट नेपालको गरिमालाई उचा बनाउने मेरो विश्वास छ । झर्कालाग्दा तथा पट्यारलाग्दा लेखलाई सकभर हट नेपालमा स्थान नै नदिएको वेश हुन्छ । परदेशका कुराभन्दा स्वदेशकै कुरा बढी सरल तथा सहज ढंगबाट राख्दा राम्रो होला कि भन्ने मेरो सानो दिमागबाट उत्पन्न भएको यो सुझाव मात्र पेश गरेकी छु । मेरो यो कुरालाई नकारात्मक रूपमा नसोचिदिन प्रकाशक एवं सम्पादकलाई अनुरोध गर्न चाहन्छु ।

-बगलामुखी कायस्थ, विजेश्वरी ।

## ■ सरोज खनाल फर्केकोमा खुसी लाग्यो

मर्नका लागि नेपाल फर्कन्छु भनेका नेपाली चलचित्रका माहिर अभिनेता सरोज खनाल १७ वर्षपछि नेपाल फर्केका जानकारी मैले हट नेपाल म्यागाजिनबाट पाएँ । यतिखेर अभिनेता खनालले मर्न नेपाल नआइकन काम गर्न नेपाल फर्केको प्रतिक्रिया व्यक्त गरेका रहेछन् । नेपाली चलचित्रको उर्वर त्यो समयमा एकाएक परिवारको भविष्य बनाउन भनेर अमेरिका हानिएका उमेरको उकालोमा अभिनेता खनाल नेपाल फर्कनुलाई कतिले निको मानेका छैनन् । निको नमाने पनि धेरैले अमेरिकामा सिकेका र कमाएका कुरा नेपाल निर्माणमा लगानी गर्न आएकोमा तारिफ गरेको पाइन्छ । मलाई मनपर्ने कलाकार सरोज खनाल नेपाल फर्केकोमा मलाई चाहिँ अत्यन्त खुसी लागेको छ । सरोज खनाल नेपाल फर्किंदा कोही दुःखी हुनुपर्ने कारण त मैले पाएको छैन । हट नेपालको अंक २१ मा सरोज खनाल जस्ता अन्य कलाकारका विदेश पलायन र स्वदेश आगमनका विषयमा खोजपूर्ण रिपोर्ट प्रकाशन गरेकोमा हट नेपाल टीमलाई धन्यवाद नदिइकन बस्नै सक्तिन । हार्दिक धन्यवाद ।

- एकराज पाठक, धनगढी ।

## ■ समाजसेवी पर्यटन व्यवसायीको लाइफ स्टाइल

तीन दशकदेखि नेपालको पर्यटन व्यवसायमा संलग्न रहँदै आएका अर्जुन अधिकारीले नेपाललाई जापानमा प्रवर्द्धन गर्ने कार्यमा निक्कै मद्दत गरेका छन् । जापानी पर्यटकलाई नेपाल ल्याएर नेपालका विकट गाउँ-ठाउँमा पुऱ्याएर त्यहाँको विकास कार्यमा जापानीहरूलाई संलग्न गराउने कार्यमा उनले सफलता पाएका छन् । कुनैबेला काठमाडौंको लाजिम्पाटमा फेमिली गेष्ट हाउस संचालन गरेर जापानीहरूलाई उच्चस्तरीय सेवा पुऱ्याएका उनले सोही गेष्ट हाउसको सिस्टर अर्गनाइजेसनको रूपमा फेमिली सोसियल सर्भिस तथा अपाङ् सेवा समाज नामक दुई संस्था खोलेर नेपालका विकट स्थानहरूमा स्कुल भवन निर्माण गर्ने तथा भौतिक सामग्री वितरण गर्ने लगायत असहाय तथा अपाङ्गहरूका लागि सहयोग बाँड्ने कार्य उनीबाट भएको थियो । यी सबै जानकारी मैले हट नेपाल पत्रिकाबाट थाहा पाएँ । यस अर्थमा पनि हट नेपालले अर्जुन अधिकारी जस्ता समाजसेवी पर्यटन व्यवसायीलाई लाइफ स्टाइलमा समावेश गरेर अधिकारीको बारेमा जानकारी दिएकोमा मलाई गर्व लागेको छ । आगामी दिनमा समाजमा ठूलो योगदान पुऱ्याएका यस्तै व्यक्तित्वहरूलाई प्रकाशमा ल्याउने काममा हट नेपाल लागिरहनेछ भन्ने विश्वास लिएको छु ।

- पुरन चौधरी, सानेपा ।

सम्पर्क hotdreamnepal@gmail.com www.facebook.com/hotnepalmagazine @HotNepalMag

## पत्रकारहरूलाई नेत्रज्योति सम्मान



नेपाल नेत्रज्योति संघद्वारा संचालित कार्यक्रमहरूको उद्देश्यप्राप्तिका लागि सार्थक योगदान दिने नेपालका संचार माध्यमका व्यक्ति र संस्थालाई साउन पहिलो साता काठमाडौंमा सम्मान गरिएको छ । संघले यस पटक आफ्नो आँखा र कान स्वास्थ्यसम्बन्धी निर्दिष्ट कार्यक्रमहरूलाई जनस्तरमा लैजान एवं सोही विषयमा जनचेतना फैलाउन पत्रकारिताको माध्यमबाट लागिपर्ने संस्थागततर्फ क्यापिटल एफएम र द हिमालयन टाइम्सलाई प्रमाणपत्र र उपहारस्वरूप मायाको चिनो प्रदान गरेको थियो । क्यापिटल एफएमका तर्फबाट अध्यक्ष प्रकाशबाबु पौडेलले प्रमाणपत्र ग्रहण गरेका थिए । यस्तै गोरखापत्र दैनिकका सरोज ढुंगेल, नेपाल समाचारपत्र दैनिककी भगवती तिमिल्सिना, एबीसी टेलिभिजनकी शारदा थापा, की एड्भरटाइजिङ एजेन्सीका पुष्प अर्याललाई संघका संरक्षक डा. रामप्रसाद पोखेल र अध्यक्ष डा. तीर्थप्रसाद मिश्रले प्रमाणपत्र र उपहार प्रदान गरेका थिए । समारोहमा सम्मानित व्यक्ति र संस्थाका प्रतिनिधिहरूले संघद्वारा प्रकाशित संघको प्रोफाइल संयुक्त रूपमा सार्वजनिक गरेका थिए ।

## नोबेलमा कुटुम्ब ब्याण्डको कन्सर्ट



महाभूकम्पबाट पीडित सिन्धुपाल्चोक जिल्लाका विभिन्न विद्यालयहरूलाई स्टेशनरी सामग्रीहरु सहयोग गर्ने उद्देश्यले कुटुम्ब ब्याण्डले नोबेल सोसियल क्लबको सहकार्यमा नोबेल एकडेमीको प्रांगणमा सांगीतिक कार्यक्रमको आयोजना गऱ्यो । उल्लेख्य संख्यामा उपस्थित विद्यार्थीहरु माझ कुटुम्ब ब्याण्डले विभिन्नथरीका बाजाहरूसहित चर्चित धुनहरु सुनाएर मनोरञ्जन दिलाएको थियो । कार्यक्रममा उपस्थित सम्पूर्ण विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूले आ-आफ्ना तर्फबाट स्टेशनरी सामानहरु उपलब्ध गराई सहयोग गरेका थिए । संकलन गरिएका स्टेशनरी सामग्रीहरु नोबेल एकेडेमीका निर्देशक उत्तम भौकाजीले कुटुम्ब ब्याण्डलाई हस्तान्तरण गरेका थिए ।

## पुनर्निर्मित अरनिको राजमार्ग उद्घाटन




वैशाख १२ को भूकम्पले बन्द भएको अरनिको राजमार्ग पुनः सञ्चालनमा आएको छ । चीनको सहयोगमा पुनर्निर्माण गरिएको राजमार्गको उद्घाटन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डे र नेपालका लागि चीनका राजदूत उ छुन्थाईले संयुक्त रूपमा गरेका छन् । कार्यक्रममा परराष्ट्रमन्त्री पाण्डेले महाभूकम्पका कारण नेपाल-चीनबीचको प्रमुख व्यापारिक मार्ग क्षतिग्रस्त भएकोमा चीन सरकारले उच्च प्राथमिकता दिएर छिटै मर्मत गरेर आवागमन योग्य बनाइदिएकोमा धन्यवाद दिए । कार्यक्रममा चिनियाँ राजदूत उ छुन्थाईले अरनिको राजमार्ग प्राथमिकतामा रहेको भन्दै चीनले नेपाललाई भौतिक संरचना, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा नेपाल सरकारसँग नजिक भएर काम गर्ने बताए । कार्यक्रममा चिनियाँ ट्राफिक फोर्सका प्रमुख जेनरल कमाण्डरले अरनिको राजमार्ग पुनर्निर्माण गर्दा भौगोलिक बनावटका कारण कठिन भएको अनुभव सुनाए । उद्धारका लागि आएको चिनियाँ ट्राफिक फोर्सले ३६ किमि राजमार्ग सफा गरेको थियो । चिनियाँ फोर्सले ४१ वटा भत्किएको ठाउँ बनाएको र १३ वटा ठूला चट्टान हटाएर सफा गरेको थियो ।

## पत्रकारिता पुरस्कार तथा सम्मान



नेवाः पत्रकार तथा संचारकर्मिहरूको राष्ट्रिय संगठन नेवाः प्रेस दबू नेपाःको छैटौं वार्षिक उत्सव तथा यस वर्षको मोती पत्रकारिता पुरस्कार तथा नेपालभाषा साहित्य तथा संस्कृतिमा समर्पित उपत्यकाबाट तीन व्यक्तित्वलाई एक समारोहबीच सम्मान गरियो । युवा पत्रकारलाई प्रदान गरिने मोती पत्रकारिता पुरस्कार यस वर्ष पत्रकारिता तथा संचार क्षेत्रमा २० वर्ष अघिदेखि कार्यरत शर्मिला श्रेष्ठ राजोपाध्याय 'सिल्भिया'लाई नगद १० हजार १ रूपैयाँ, ताम्रपत्र र दोसल्लाका साथ प्रदान गरियो । यसै गरी सम्मानित हुने व्यक्तित्वहरूमा हिरण्यलाल श्रेष्ठ, प्रा. नर्मदेश्वर प्रधान र कवि पूर्ण वैद्य छन् । उक्त पुरस्कार र सम्मान पुरस्कारका दाता तथा दबूका सल्लाहकार मोतिलाल शिल्पकार, प्रमुख अतिथि सभासद् मदनबहादुर अमात्य तथा कार्यक्रमका सभापति एवं दबूका अध्यक्ष नरेन्द्र श्रेष्ठले संयुक्त रूपमा प्रदान गरेका थिए ।

## नेपाल–चीन कूटनीतिक सम्बन्धको ६० वर्ष




नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६० वर्ष पूरा भएको छ । यस अवसरमा सन् २०१५ अगस्ट १ का दिन परराष्ट्र मन्त्रालयले राजधानीमा एक विशेष समारोहको आयोजना गरेको थियो । त्यस अवसरमा संवोधन गर्दै प्रधानमन्त्री सुशील कोइरालाले नेपाल–चीन सम्बन्ध समस्यारहित र आपसमा असल सहयात्रीका रूपमा रहेको बताए । कोइरालाले भूकम्पपछि चीनले राहत तथा उद्धारकार्यमा देखाएको उत्साह र सहयोगप्रति पनि आभार व्यक्त गरे । कार्यक्रममा दुई देशबीच कूटनीतिक सम्बन्ध औपचारिक रूपमा स्थापित भएको ६०औं वर्षगाँठका अवसरमा दुवै देशका राष्ट्रपति, प्रधानमन्त्री र परराष्ट्रमन्त्रीले एक–अर्कामा बधाई सन्देश आदानप्रदान गरेका थिए । परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले पनि नेपाल–चीन सम्बन्ध निकै सुमधुर रहेको र आउँदा दिनमा धेरै सहकार्य हुँदै अघि बढ्न आवश्यक रहेको बताए । कार्यक्रममा चिनियाँ राजदूत उ छुन्थाईले नेपालको विकासका लागि चीन सधैं सँगै रहेको बताए । त्यस अवसरमा दुई देशको सम्बन्धको प्रतीकका रूपमा नेपाल र चीनको झन्डाअंकित र छायामा हिमाल रहेको २० रूपैयाँको हुलाक टिकटमा टाँचासमेत लगाइयो । उक्त टिकट पाँच लाखप्रति छापिएको जानकारी दिइएको छ ।

## मास्कोमा २०२औं भानुजयन्ती



रूसको राजधानी मास्कोमा रहेको रमणीय ओस्तान्किनो पार्कमा गत १९ जुलाईका दिन विश्व नेपाली साहित्य महासंघ रूस शाखाको तत्वावधानमा बनभोजसहित २०२औं भानुजयन्ती समारोह सफलतापूर्वक सम्पन्न भएको छ । रूसका लागि नेपाली राजदूत डा. रविमोहन सापकोटा कोपिलाको प्रमुख आतिथ्य तथा साहित्यकार कृष्णप्रकाश श्रेष्ठको सभापतित्वमा सम्पन्न समारोहमा विश्व नेपाली साहित्य महासंघ रूस शाखाका सचिव डा. मनमूर्ति भुर्तेलबाट आदिकवि भानुभक्त आचार्यको तस्वीरमा पुष्पार्पणपछि कार्यक्रम सुरू गरिएको थियो । व्यवस्थापन समितिको तर्फबाट गणेश रामदामबाट स्वागत मन्तव्य दिइयो भने गैरआवासीय नेपाली संघ (एनआरएनए) का संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो, यसै संघका अन्तर्राष्ट्रिय समन्वय परिषद (आईसीसी) का कोषाध्यक्ष डा. बद्री के.सी., आईसीसीका सदस्य एवं विश्व नेपाली साहित्य महासंघ रूस शाखाका अध्यक्ष गोविन्दप्रसाद गौतम, एनआरएनए रूसका कार्यवाहक अध्यक्ष डिल्ली खरेल सुमन, निवर्तमान अध्यक्ष उत्सवकुमार अमात्य, प्रथम अध्यक्ष डा. सूर्यप्रसाद रिजाल, नेपाली नारी निकुञ्जकी अध्यक्ष डा. समता प्रसाद, नेपाल खेलकूद तथा संस्कृति समाजका उपाध्यक्ष रामेश्वर गौतम, नेपाली छात्रसंघ (जनमैत्री विश्वविद्यालय) का अध्यक्ष उत्तम लामिछानेले भानुभक्तको व्यक्तित्व र कृतित्वका विभिन्न पक्षबारे प्रकाश पारेका थिए । उक्त अवसरमा कविता प्रतियोगिता र आशु कविता लेखन प्रतियोगिता पनि आयोजना गरिएको थियो । यी दुवै प्रतियोगितामा कमला रावल पाण्डे तथा डा. उमेशप्रसाद भट्टराईले नै आलोपालो गरी प्रथम र द्वितीय स्थान प्राप्त गरेर पुरस्कृत भएका थिए भने तीन दिदी र एक भाइ रिजाल–बालबालिका आन्जेलिका, मार्गारिता, भेरानिका तथा आन्तोनलाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो ।

## पुनर्निर्माणमा चीनको थप सहयोग



वैशाख १२ गते गएको भूकम्पबाट विस्थापितहरूको पुनर्वासका लागि नेपाल–चीनबीच विभिन्न पाँच उच्च प्राथमिकतामा रहेका क्षेत्रमा तत्काल काम अघि बढाउन समझदारी भएको छ । तत्काल गर्नुपर्ने र प्राथमिकताअनुसार गर्दै जाने सहयोगबारे दुई देशबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो । चीनले पुनर्निर्माण परियोजना कार्यान्वयन गर्न तत्काल १ अर्ब १ करोड ८८ लाख (१० मिलियन अमेरिकी डलर) सहयोग गर्ने भएको छ । सहयोगसम्बन्धी सम्झौतामा नेपाल सरकारका तर्फबाट अर्थसचिव सुमनप्रसाद शर्मा र चीन सरकारका तर्फबाट वाणिज्य उपमन्त्री चाङ स्याङछनले हस्तक्षर गरेका छन् । साउन पहिलो साता नेपाल भ्रमणमा आएका चिनियाँ वाणिज्य उपमन्त्री चाङले दूतावासमा आयोजित पत्रकार सम्मेलनमा नेपालको पुनर्निर्माणमा जिम्मेवारी पाउनासाथ काम थालिहाल्न सक्ने अवस्थामा चीन रहेको बताए । चिनियाँ वाणिज्य उपमन्त्री चाङसहितको टोलीले प्रधानमन्त्री सुशील कोइरालासँग भेटेर दुई पक्षीय सहयोग र हितका विषयमा छलफल गरेका थियो । त्यस अवसरमा प्रधानमन्त्री कोइरालाले चीनले नेपाललाई निरन्तर रूपमा उपलब्ध गराउँदै आएको सहयोगप्रति कृतज्ञता प्रकट गरेका थिए । चिनियाँ वाणिज्य उपमन्त्री चाङले भूकम्प पीडित नेपालीलाई सहयोग गर्न पाउँदा चीन सरकार खुसी भएको प्रतिकृया दिए ।

# पति-पत्नीकै
# तीज व्रत



उमेरको उकालो उक्लिदै गए पनि प्रथम मिस नेपाल रूवी राणामा सुन्दरता र बैंशमा कुनै कमी आएको छैन । मिस नेपाल भएको २१ वर्ष पुग्दा पनि रूवीभित्रको बैंश तथा सुन्दरतामा झन् निखार आएको छ । सन् १९९४ मा प्रथम मिस नेपाल हुँदा १९ वर्ष मात्र पुगेको बताउने उनले अबको २५ वर्षपछि पनि आफू यत्तिकै सुन्दर तथा बैंशालु रहिरहने दाबी गरेकी छन् ।

यसको रहस्य नियमित आहार, विहार तथा व्यायाम भएको उनी बताउँछिन् । त्यसमाथि हरेक वर्ष आउने तीजलाई विशेष पर्वको रूपमा मनाउने तथा तीजको व्रत लिंदै आएको र श्रीमान्लाई पनि उक्त व्रत लिन लगाउने गरेको खुलासा उनले गरेकी छन् ।

'तीजमा हरेक वर्ष व्रत लिने गरेकी छु । विवाहअगाडि नै हामीबीच प्रेम-प्रसंग चल्दै गर्दा उहाँकै लागि म व्रत बसें । मेरो व्रतको प्रभावले नै उहाँलाई पाएँ । यसले गर्दा मलाई तीजको व्रतप्रति अत्यन्त विश्वास रहेको छ', रूवी यस सम्बन्धमा अझ खुल्दै गइन्- 'तीजमा म निराहार तथा पानी नै नखाई व्रत लिने पुरातन परम्पराको विरोधी हुँ । पानी तथा फलाहार भएर व्रत बस्नु राम्रो हो । तीजको दिन हामी श्रीमान्-श्रीमती नै एक-अर्काको लागि व्रत बस्ने गर्दछौं । साँझ सूर्यास्त पश्चात दुवैले दुवैलाई मिश्रीकाँडा खुवाएर तथा खाएर सम्पन्न गर्ने गर्दछौं । यसले गर्दा हामीबीचको माया अझै गाढा बनेको छ ।'

विनाशकारी महाभूकम्प पीडितहरूका लागि वसन्तपुर, बुंगमती, भक्तपुर, दोलखा, सिन्धुपाल्चोक लगायतका स्थानमा व्यक्तिगत तथा एनआरएनबाट प्राप्त राहत सहयोग वितरण गर्ने कार्यमा सक्रिय बनेकी रूवीको अर्को पाटो समाजसेवा हो । विभिन्न सामाजिक कार्यमा पनि संलग्न रहँदै आएकी उनी महिला तथा बालबालिकाको क्षेत्रमा सक्दो सेवा पुऱ्याउँदै आएकी छन् । भुतुक्कै भएँ नि, आधी बाटो, अन्तराल नामक केही चलचित्रमा नायिका बनेर अभिनय गरेकी उनले अब नायिका बनेर अभिनय गर्ने रहर पुगिसकेको बताएकी छन् ।

राम्रो चरित्र र आकर्षक पारिश्रमिक पाएमा मात्र चलचित्र खेल्ने निर्णयमा पुगेकी उनी अब नायकको वरिपरि रमेर अभिनय गर्ने उमेर तथा समयले नसुहाउने भइसकेको प्रष्ट पारिन् । ठूली छोरी प्रसिद्धी र सानी छोरी प्रशंसा पनि किशोरी उमेर पार गर्ने क्रममा रहेका छन् । छोरीहरूलाई पनि मिस नेपाल प्रतियोगितामा भाग लिन लगाएर मिस नेपाल बनाउने उनको लक्ष्य छ । 'छोरीहरूले मेरो यस लक्ष्यमा कतिको साथ दिने हुन् या होइनन् म भन्न सक्तिन, उनीहरूकै इच्छामा भर पर्ने कुरा हो', उनले भनिन् ।

तस्वीर : कविन्द्रमान शाक्य
सहयोगी : सुजन शाक्य
लोकेशन : रूविज कलेक्सन, कुपण्डोल

# फेसनमा डुबेको आधुनिक तीज



तस्वीर : कविन्द्रमान शाक्य



हिन्दू नारीहरूको महान पर्व तीजको रमझम यस वर्ष पनि एक महिनाअघिदेखि नै सुरू भइसकेको छ । वर्षभरि कर्म घरमा पाएको दुःखलाई बिर्सेर जन्मघर अथवा माइतीमा रमाइलो गर्ने चाडका रूपमा तीज प्रसिद्ध छ । हुन त यो चाडलाई परापूर्वकालदेखि विशेषतः हिन्दू धर्मका शिवमार्गी बाहुन, क्षत्री र मगरहरूले मात्र मान्दै आएकामा पछिल्ला दिनमा संस्कृतिको अन्तरघुलनका कारण अरू जातिका महिलाहरूले पनि मनाउन थालेका छन् ।

पछिल्लो समय परम्पराभन्दा केही भिन्न भई भड्किलो गर-गहनाको फेसन तथा महंगो खानपानमा तीजको संस्कृति बदलिंदो क्रममा रहेको छ । तीज आउनु महिना दिन अगाडिदेखि तीजको दर खाने र खुवाउने प्रचलनले तीज सम्भ्रान्तहरूको देखासिकी पर्वको रूपमा पनि विकास हुँदै गएको सामाजिक अभियन्ता मन्जु रानामगरको भनाइ छ । विजेश्वरी महिला समाजका अगुवा समेत रहेकी अभियन्ता रानामगरले अघिल्ला वर्षका तीजमा आएजस्ता महंगा होटलहरूमा दर खाने निम्तोलाई अस्वीकार गरेको बताइन् ।

परम्परा अनुसार तीजको अघिल्लो राति खाइने दरको प्रचलनलाई महंगा होटलका मदिरामा महिला दिदीबहिनीहरूले साट्न थालेकोमा पर्वको नाममा आएको यो गंभीर विकृति भएको अभियन्ता रानामगर स्पष्ट पार्छिन् ।

तीजलाई भेटघाट र महिलाका मुद्दा उठाउने चाडको रूपमा पनि हाल आएर गलत व्याख्या गर्ने गरेको नेपाली कांग्रेसकी सभासद् उषा गुरूङ बताउँछिन् । महिलाका मुद्दामा आवाज उठाउनका लागि तीज नै कुर्नु नपर्ने तर्क दिने सभासद गुरूङ परम्परा मनाउने नाममा महिला दिदीबहिनीले तीजलाई माध्यम बनाएकोमा यसको विरोध गर्न नहुने र यसलाई स्वाभाविक रूपमा लिनुपर्ने धारणा राख्छिन् ।

अघिल्ला वर्षहरूमा कमलरीजस्तो दासप्रथा विरूद्ध कमलरीले आन्दोलन गरे । उक्त आन्दोलनमा कुनै पनि पार्टीका महिला संगठनले सहभागिता जनाएको नपाएको यथार्थ रहेको मानवअधिकारकर्मी भोजराज श्रेष्ठको तर्क छ । वर्षैभरि देशमा महिलाहरु बलात्कृत भइरहेका छन् । त्यसको विषयमा पनि कुनै पार्टीका महिला संगठन बोलेका छैनन् । बरू म बलात्कृत भएँ भन्ने महिला आफैं कुटपिट र अपमानको सिकार भएका छन् । महिलालाई विभिन्न आरोपमा जिउँदै जलाउने काम भएका छन् । त्यो बेला महिलाका मुद्दा उठाउने महिला अधिकारकर्मीहरु पनि चुपचाप रहेको अर्का अधिकारकर्मी कृष्ण गौतम बताउँछन् ।

आफूजस्तै, आफ्नी आमाजस्तै, आफ्नी छोरीजस्तै महिलालाई अपमानित गर्दा, जिउँदै जलाउँदा, आफूजस्तै महिला आफ्ना छोरीजस्तै बालिका बलात्कृत भइरहँदा नजागेको नारीवाद किन तीजमा आएर मात्र जाग्छ भन्ने प्रश्न गौतमको छ । तीजको बेला नारीवाद सुनका गहना र हजारौंका सारीमा चम्किने गर्दा श्रीमान्ले दिने डरलाग्दो पीडा भित्र-भित्रै लुकाउने असफल प्रयास घरानियाँ नेपाली महिलाहरूबाटै भइरहेको विजनेस पर्सन शर्मिला धमला बताउँछिन् । सामाजिक लोकाचारको

# परदेशको शिष्ट तीज




यो पालिको तीजमा पनि माइत जान जुरेन
तीजका गीत भाका लय फुर्दै फुरेन
बरिलै तीजका गीत फुर्दै फुरेन ।

हामी हिन्दू नारीहरूको महान चाड तीज यस वर्ष पनि यस्तै रहने भयो । विगतका हरेक तीजमा आमासँग फोनमा कुरा गर्दै अर्को तीजमा पक्का आउँछु आमा हजुरले पकाको दर खाँदै परदेशका बेदना गीत मार्फत माइती लगायत साथी-संगीलाई सुनाउँछु भन्थें तर सोचेजस्तो भएन । समय बलवान रहेछ । हामीले सोचेको जस्तो नपुग्ने रहेछ । परदेशमा रहे पनि यहाँ नेपाली दिदी-बहिनीहरु प्रशस्तै छन् । हामीहरु आफ्नो रीतिरिवाज भुल्न चाहँदैनौं । नेपालमा जस्तै दर खाने दिदीबहिनीहरूले परदेशिनु पर्दाको पीडा नाबालक छोराछोरी छाडेर आउँदाको पीडासँग सम्बन्धित रचना गर्नु भएका गीत गाएर, नाचेर तीज मनाउने गर्दछौं ।

नरुनु है मेरी आमा खानु दर रमाउनु
तिम्री छोरी गएकी हो धन कमाउन
मेरो धेरै याद आए मेरी छोरी लानु है
उसलाई हेरी मलाई सम्झी दर खानु है ।

यो तीजमा रुन्छु बरै कतिसम्म रुने हो
अर्को सालको तीजमा आमाछोरी सँगै हुने हो ।

हामीले यस्ता गीत धेरै रचना गरेका छौं । यो सालको तीजमा इजरायलका धेरै नारीहरु एकजुट भएर रमाइलो गर्ने-गराउने भव्य तयारी गरिरहेका छौं । महिनौं अगाडिदेखि गहना, सारी, चुरा, पोते, धागो नेपालबाट मगाएर तमतयार भएका छौं ।

विशेष गरी माइती र चेलीसँग सम्बन्धित यो हरितालिका तीज पहिले माइतीमा गएर घरमा सासू, नन्द, आमाजूबाट हेपिनु परेको, पेटभरि खाना नदिएको पीडाहरु पोखिन्थ्यो भने अहिले विलकूल फरक ढंगको तीज मनाउन थालिएको छ । साँच्चै भन्नु पर्दा मेरो देशका दिदीबहिनीले स्वदेशमा तीज मनाउने शैली हेर्दा तीज हैन विकृति आएको जस्तो लाग्छ ।

सारी, चोलो, चुरा, पोते, सिन्दूरमा सजिएर व्रत बस्ने, दिनभरि गाउने-नाच्ने यो चाडको नामलाई दुरूपयोग गरेर ब्रह्मलुट गर्नेहरूको जमात देख्दा दुःख लाग्छ । कोहीले अंगप्रदर्शन गरेका छन् भने कोहीले रत्यौली पाराको गीत र भिडियो बनाएको देख्दा साच्चै नै अब हाम्रो संस्कृति लोप हुँदै जाने हो कि भन्ने डर लाग्छ । हामीले हाम्रा सन्ततिलाई जोगाएर राखिदिने यही संस्कृति र संस्कार हो । विभिन्न बाध्यताले रोजगारीका लागि विदेशिनु परेका चेलीहरूले बरू शिष्ट ढंगले चाड मनाइरहेका छन् । नेपाली संस्कृति खोज्न अब विदेश जानुपर्ने अवस्था आउन लागेको त हैन ? त्यसैले विशिष्ट महत्व बोकेको तीजमा विकृति घुस्न नदिन म परदेशी भूमिबाट हार्दिक अपील गर्न चाहन्छु ।

■ **सावी पाठक**, इजरायलबाट

डर तथा प्रतिष्ठा गुम्ने भयले आफूजस्ता कयौं घरानियाँ नारीहरु तीजको बेलामा पनि खुल्न नसकेको यथार्थ धमलाले खोलेकी छन् ।

अर्कोतर्फ नारीवाद भनेको समानताको आन्दोलन हो । चाहे त्यो उदारवादी नारीवाद होस् वा मार्क्सवादी नारीवाद ! अथवा आदर्शवादी नारीवाद ! यसमा तीजले समानताको पक्षपोषण गर्छ भन्ने कुरामा आफूलाई पटक्कै विश्वास नलागेको शिक्षासेवी निर्मला शर्मा बताउँछिन् । शर्मा तीजमा महिलाले मनपरेको पुरुष पति पाउनको लागि पानी पनि नखाई व्रत बस्न बाध्य बनाउने पुरातन विचारलाई पृष्ठपोषण गरेको तर्क गर्छिन् । उनले नेपाली समाजले मनपरेको मानिसकहाँ गएर प्रेम वा विवाहको प्रस्ताव राख्ने कुरा नगर्ने र मनमनै कल्पेर बस्न मात्र

सिकाउने तीजले केवल भाग्यवादी मात्र बनाएको यथार्थलाई सबैले आंकलन गर्नुपर्ने विचार राखिन् । यसलाई भाग्यवादी परम्पराभित्रको नारीवादको उपमा पनि शर्माले दिइन् ।

सरस्वती कलेजमा कमर्श पढाउने प्राध्यापक गीता अधिकारीको विचारमा कपाल नहुनेलाई काइँयो बेच्न सक्नु नै सफल व्यवसायी बन्नु हो । वर्तमान विश्वको पुँजीवाद जसलाई जे भन्दा आफ्नो सामान बिक्छ, उसलाई त्यही भनेर व्यापार गर्ने व्यवस्था हो । तीज पनि एउटा बजार हो, जहाँ गीत गाउने कला, नाच्ने कला, खाना पकाउने कला, राम्रो सारी र राम्रा गहनाको डिजाइन गर्ने कलाजस्ता धेरै कुराको व्यापार हुन्छ । बजारको कुरा गर्ने बित्तिकै यो धेरै नराम्रो कुरा हो भनेर बुझ्ने एक प्रकारको बुझाइ नेपालका पढेलेखेका मानिसमा पाइने गरेको प्राध्यापक अधिकारीको दाबी छ ।

संस्कृतिविद् डा. जगमान गुरुङ नेपालका पहाडी भेगका बाहुन-क्षेत्री समुदायमा प्रचलित तीज मौलिक चाड भएको बताउँछन् । भाद्र शुक्ल पक्षको तृतीया तिथिमा पर्ने यो पर्व विभिन्न दृष्टिकोणले वैज्ञानिक र समाजसापेक्ष भएको गुरुङको तर्क छ । भदौमा धान, कोदो रोपिसकेर केही फुर्सद हुने र खोलानाला पनि वर्षा कम हुँदै जाँदा घट्ने भएकोले चेलिबेटी माइत जान अनुकूल समय हुन्छ ।

तीजको परम्परा नारीमाथि असमानता र शोषणका रूपमा होइन तत्कालीन परिवेशमा नारीकै भलाइका लागि प्रचलित भएको गुरुङ बताउँछन् । बाहुन-क्षेत्री जातिमा सम्बन्ध विच्छेद, पुनर्विवाह र विधवा विवाहको परम्परा नभएकोले श्रीमान् आर्थिक, शारीरिक र मानसिक रूपले सक्षम भएमा नारीलाई नै लाभ पुग्ने तर्क उनी गर्छन् । पुरानो परम्परालाई अहिलेको अवस्थासँग तुलना गरेर हेरेर शोषणको कुरा गर्न युक्तिसंगत नहुने उनी बताउँछन् । 'अहिले केही बुजुकहरूले श्रीमान्को दीर्घायुको लागि श्रीमतीले व्रत बस्छिन् भने श्रीमतीको दीर्घायुको लागि श्रीमान् किन व्रत नबस्ने भन्ने तर्क पनि गर्ने गरेका छन् र केही श्रीमान्हरूले श्रीमतीलाई खुसी पार्न त्यस्तो व्रत बस्न पनि थालेका छन् । यो सबै नबुझेर भएको हो', संस्कृतिविद् गुरुङ स्पष्ट पार्छन् ।

## तीज गीतको बाढी

तीज आउन केही साता बाँकी रहँदा तीजको चहलपहल चरमोत्कर्षमा पुग्नेगर्छ । रेडियो, टेलिभिजन, मोबाइल, सिआरबिटी, पिआरबिटी सबै तीजमय हुने गरेका छन् । यसको पुष्टि रेडियो, टेलिभिजन, इन्टरनेट, मोबाइलको सिआरबिटी, पिआरबिटीमार्फत घन्किरहेका तीज गीतले गर्ने गरेको छ । तीजका अवसरमा एल्बम निकालेर कतिपय कलाकार आम्दानी गर्ने त कतिपय खर्च गर्ने होडबाजीमा पनि देखिन्छन् । त्यति मात्र होइन, कोही निरन्तरता दिन होडबाजी गर्दैछन् भने कोही कार्यक्रममा भाग लिन ।

यिनै होडबाजीबीच यस वर्ष पनि गीतको बाढी नै आएको छ । एल्बम विक्री ठप्प भएकाले पीडित गायक-गायिकाले तीजको गीतको चर्चाबाट विदेशका कार्यक्रममा सहभागी बन्ने अवसरको खोजीमा मनग्गे खर्च गर्ने गरेको संगीत व्यवसायी कुवेर कार्की बताउँछन् । पहिलाजस्तो





तस्वीर : कविन्द्रमान शाक्य

तीजका गीतको व्यापार नभएको प्रत्येक वर्ष तीजको गीतको एल्वम निकाल्दै आएकी गायिका कोमल ओलीको गुनासो छ ।

प्रविधिको विकास क्रमसँगै पहिलोजस्तो तीजका एल्बम किनेर सुन्नेभन्दा रेडियो तथा टेलिभिजनबाट सुन्ने र हेर्नेको अलावा युट्युबबाट डाउनालोड गरेर सुन्ने र सुनाउनेहरूको जमात ठूलो रहेको यथार्थ ओली सुनाउँछिन् । तीजका गीतबाट पहिलाजस्तो आम्दानी नभए पनि देखासिकीको होडबाजी निकै रहेको म्युजिक भिडियो निर्देशक समीर जोशी बताउँछन् ।

त्यसो त एल्बम, भिसिडी, सिआरबिटी र पिआरबिटीको माध्यमबाट आम्दानी गर्ने सोचसमेत उनीहरूमा रहने गरेको जोशीले बताए । बजारमा आएका तीजको एल्बमको अनुपातमा बिक्री भने निकै कम रहेको संगीत व्यवसायी रमेश हमालले बताएका छन् । तीजका गीतको ओइरो लागे पनि तीजको महत्व बुझाउने र संस्कृतिको रक्षा गर्ने खालका गीत भने विरलै मात्रामा छन् । बजारमा आएका अधिकांश एल्बमका गीतले तीजको मौलिकतालाई समेट्न नसकेको गुनासो आम संगीतप्रेमीको छ ।

संस्कृतिविद् डा. जगमान गुरूङ बदलिंदो संस्कृति र प्रविधि अनुसार तीज गीतमा परिवर्तन आउनु स्वाभाविक भए पनि 'पोइल जान पाम' किसिमका गीतलाई भने लोकगीत भन्न नसकिने र त्यो विकृति नै भएको बताउँछन् । एकैपटक यसरी गीतहरु बजारमा आएपछि श्रोताहरु भने दोधारमा छन् । गीतमा नेपालको मौलिक संस्कृति अनि तीज पर्वको महत्व झल्काउने भन्दा पनि मायाप्रेम अनि उरन्ठेउला विषयवस्तुमा बढी केन्द्रित भएकाले समेत दर्शक-श्रोताले एल्बम किनेर सुन्न खोजेका छैनन् । यद्यपि, गीत बजारमा आएसँगै सबै कलाकार आफ्नो गीतको प्रमोसनका लागि होडबाजी गर्ने गर्दछन् ।

यो वर्ष मात्र तीजलाई केन्द्रित गरेर झन्डै ३ सय गीत बजारमा आइसकेका छन् भने यो क्रम अझै रोकिएको छैन । संचारकर्मी शारदा थापादेखि नर्स सरिता प्रजापतिसम्मले तीजका गीत गाएका छन् र एल्बम ननिकाले पनि रेडियो तथा टेलिभिजन र युट्युबमा राख्न हानथाप गर्ने गरेको पाइएको छ ।

लोकगायिका हरिदेवी कोइराला अहिले आएका गीत तीजका गीत नै नभएको बताउँछिन् । गायिका कोइरालाले विषयवस्तुका हिसाबले, वेशभूषा, शैली, तीजको विशेषताभित्र अहिले आएका गीत नसमेटिएको भन्दै तीजको गीतलाई प्रेममय बनाउने प्रयास मात्र गरेको पाइएको बताइन् । वर्षभरि भएका घटनालाई समयसापेक्ष गीतमा ढालेर गाउनुपर्नेमा त्यस्तो हुन नसकेकोमा गायिका कोइरालाको दुःखेसो छ ।

तीजको अवसर पारेर नेपालका अधिकांश ठाउँमा विभिन्न संघ-संस्थाले सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने गर्दछन् । स्वदेश र विदेशमा हुने यस्ता कार्यक्रममा सहभागिता जनाउन केही कलाकारलाई भ्याईनभ्याई छ । विगतको तुलनामा एल्बमको लगानी बढे पनि प्रतिफल भने शून्य छ । हाल एउटा गीतको रेकर्डिङदेखि म्युजिक भिडियोसम्ममा न्यूनतम १ लाखदेखि अधिकतम ४ लाखसम्म खर्च हुनेगर्दछ ।

खर्चको तुलनामा तीजको गीतको बिक्री भने शून्य जस्तै हुनेगरेको छ । यो वास्तविक चित्र सामुन्ने भए पनि संस्कृति तथा परम्परा जोगाउने नाममा कलाकारहरूबाट तीजका गीतमा खन्याउँदै आएको रकम सामान्य भन्न नमिल्ने तीज गीतका अन्वेषक रमेश अधिकारी बताउँछन् ।

समयको परिवर्तन सँगसँगै पर्वको रौनकतामा पनि परिवर्तनका रूपहरु देखा पर्न थालेका छन् । हिजोका दिनमा चुलो चौको र घर गृहस्थीमै सीमित हुने महिलाहरु आज फराकिलो संसारमा पाइला टेक्ने प्रयत्नमा लागिपरेका छन् । विभिन्न अवरोधहरूलाई छिचोलेर महिलाहरु आफ्नो हक-अधिकारको माग गर्न थालेका छन् । महिलाहरूको महान पर्व तीजमा पनि महिलाहरु निजी दुःखका भाकाहरु भन्दा पनि संविधान, शान्ति र अधिकारका कुरा बुलन्द गरिरहेका छन् । यसो हुनु उपलब्धिपूर्ण भएको अन्वेषक अधिकारी बताउँछन् ।

■ **श्याम स्मृत**











# युवापुस्तामा बोलबम क्रेज





साउन महिनाको प्रत्येक सोमबार बोलबमको लहर चल्ने गर्छ । धरानलगायत नेपालका विभिन्न मन्दिरमा शिवका श्रद्धालु भक्तहरूको साउनको सोमबार मन्दिरमा घुइँचो लाग्ने गर्छ । त्यसमा पनि पछिल्लो समय धर्मप्रति आस्था राख्ने युवाजमात बढ्दै गएको छ । उनीहरु धैर्य गरेर धेरै समय लामबद्ध रहेर जल चढाउँछन् । शिवका भक्त गेरूवस्त्रधारी युवा पुस्ता धर्ममा तनमनले लागेको देख्न सकिन्छ । साउन महिना हिन्दूहरूका आराध्यदेव शिवको प्रिय महिना मानिन्छ ।

धरान- १५ स्थित बाझगरा बस्ने २४ वर्षीय एन्जल राईलाई भगवानप्रति आस्था छ । उनी भन्छन्- 'मेरो परिवार हिन्दू धर्मप्रति आस्था राख्ने हुँदा म पनि यसबाट टाढा हुन सकिनँ ।' मन्दिरमा लामबद्ध रहेका राईले भने- 'त्यही भएर म परिवारसँगै भगवानको दर्शन गर्न आएको हुँ ।' यसरी दर्शन गर्न पाउँदा मन त्यसै प्रफुल्ल हुने अनुभव उनी सुनाउँछन् ।

सौभाग्यको प्रतीक भएकोले साउनमा युवतीहरूले हरियो चुरा, मेहन्दी लगाउने गर्दछन् । यतिमात्र होइन युवतीहरु बोलबमप्रति पनि निकै आकर्षित छन् । इटहरी निवासी २३ वर्षीया अनुपमा मगर मन्दिर आएपछि मन शान्त हुने बताउँछिन् । उनी भन्छिन्- 'भगवानको दर्शन पाएपछि मन त्यसै हलुका हुँदोरहेछ, त्यसैले मनमा एक प्रकारको आनन्द महसुस हुन्छ ।' त्यसैगरी धरानकै २६ वर्षीया सपना विक हप्तामा एकपटक मन्दिर नगई चित्त नबुझ्ने बताउँछिन् । उनी भन्छिन्- 'हरेक वर्ष साउन महिनाको प्रत्येक सोमबार मन्दिर आएर जल चढाउँछु । मैले जल चढाउन थालेको ६ वर्ष भयो । यहाँ आएर मैले अरू थोकभन्दा पनि मन शान्त भएको महसुस गरेकी छु ।

लामबद्ध रूपमा रहेर थकित मुद्रामा देखिएकी झापा इटहराका १९ वर्षीया सिमरन राई पहिलो पटक बोलबम आएको बताउँछिन् । उनी भन्छिन्- 'अरू साथीहरु आएकाले मलाई पनि जाने रहर जागेर आयो । त्यसैले आएकी हुँ ।' बोलबम मेला आउँदा एक प्रकारको रमाइलो हुने र मनमा शान्ति अनि खुसी अनुभव हुने उनी पनि सुनाउँछिन् ।

साउन महिनामा अन्यत्रका महिला जस्तै धरानका महिलाले पनि हरियो फेसन र  हातमा रंगीन चुरापोते र हत्केलाभरि मेहन्दी लगाए । हरियो फेसन र मेहन्दी लगाउँदा सुन्दर देखिनुका साथै पतिको दीर्घायु हुने विश्वास युवतीहरूमा पाइन्छ । धरान- १५ बाझगरा निवासी सुनिता केसी राईलाई भने यस्तो कुरामा पटक्कै विश्वास छैन । उनी भन्छिन्- 'भोकभोकै व्रत बसेर श्रीमान्को आयु लामो हुन्छ भन्ने कुरामा म विश्वास गर्दिनँ । अनि मेहन्दी लगाउँदा हात राम्रो देखिन्छ जस्तो पनि लाग्दैन । हिजोआज सबैले मेहन्दी फेसनका रूपमा लगाएको देखेर मैले पनि लगाएकी  हुँ ।' धरान- ९ बगैंचालाइनकी रोशनी थापालाई मेहन्दी गाढा लाग्यो भने श्रीमान्ले धेरै माया गर्छन् भन्ने विश्वास रहेको बताउँछिन् । उनी भन्छिन्- 'मेहन्दी गाढा लाग्यो भने श्रीमान्ले धेरै माया गर्छन् रे । त्यसैले कतिको माया गर्छन् भनेर भविष्यको श्रीमान्को नाममा मेहन्दी लगाएकी हुँ ।'

■ **सोहन श्रेष्ठ**






# सफलताको उचाइमा
# चाइना सदर्न

नेपालमा कार्यालय स्थापना गरेर नियमित उडान सुरू गरेको छोटो अवधिमै साइना सदर्न एयरलाइन्सले उल्लेखनीय सफलता हासिल गरेको छ । तीन वर्षको अवधिमै नेपाल-चीन हवाई यात्रा गर्ने यात्रुका लागि यो एयरलाइन्स पहिलो रोजाइमा पर्न थालेको छ । विगत तीस वर्षदेखि चीनकै ठूलो एयरलाइन्सका रुपमा आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानमा ख्याति कमाउँदै आएको यो एयरलाइन्सको प्राविधिक तथा मानवीय स्रोत-साधनमा उत्कृष्टता हासिल गरेकै कारण सफलता पाउन सकेको नेपाल कार्यालयकी महाप्रबन्धक ह्वाङ येन बताउँछिन् ।

साइना सदर्न एयरलाइन्सले साउन अन्तिम साता काठमाडौंस्थित होटल अन्नपूर्णमा एक विशेष कार्यक्रमको आयोजना गरी एयरलाइन्सले पुऱ्याउँदै आएको सेवा र प्राप्त सफलताबारे जानकारी दिएको थियो । कार्यक्रममा महाप्रबन्धक रेविकाले आफ्नो कम्पनीले नाफा कमाउने मात्र उद्देश्य नलिई सामाजिक कार्यमा पनि योगदान पुऱ्याइरहेको जानकारी दिइन् । उनले भूकम्पका कारण अलपत्र परेका छ हजार यात्रुलाई गन्तव्यसम्म पुऱ्याउन सहयोग गरेको बताइन् । उनले नेपालमा वैशाख १२ गते गएको महाभूकम्प पीडितका लागि सहयोग गरेको र आगामी दिनमा पनि सामाजिक कार्य जारी राख्ने बताइन् ।

कार्यक्रममा नेपालका लागि चीनका राजदूत उ छुन्थाईले साइना सदर्न एयरलाइन्सले नेपालमा चिनियाँ पर्यटक वृद्धि गर्न सहयोग पुऱ्याइरहेको भन्दै यो कार्यको प्रशंसा गरे । साइना सदर्नले स्थानीय जनतासँग मित्रतापूर्ण व्यवहार गरेकोले चीन जाने नेपाली र नेपाल आउने चिनियाँका लागि पहिलो रोजाइमा पर्न थालेको उनले बताए ।

महाभूकम्पका कारण उडान घटाएको चाइना सदर्नले आगामी असोज २६ देखि पुनः काठमाडौं-ग्वान्जाओ-काठमाडौं रूटमा दैनिक उडान गर्ने भएको छ । साइना सदर्न एयरलाइन्सले हाल ५०० विमान मार्फत ३० देशका १९३ शहरमा दैनिक यात्रु र सामान ओसार-पसार गर्दै आएको छ । साइना सदर्न एयरलाइन्स एसियाकै पहिलो र संसारको पाँचौं ठूलो विमान कम्पनी हो । साइना सदर्नले संसारमै पहिलो पटक एयरबस ३८० र बोइङ ७८७ सञ्चालन गरी विमान सेवा दिएको थियो ।







Like: 2,698
Post reach: 5,891

# पूजाको सपना
# चर्चित मोडल

**भविष्यमा चर्चित मोडल बन्ने सपना बोकेकी पूजा आफ्नो रुचिलाई साकार पार्न जस्तोसुकै चुनौतीको सामना गर्न तयार छिन् । नेपालमा कला क्षेत्रमा कमाइ कम हुने यथार्थ बुझेकी उनले जीवनमा पैसा मात्र ठूलो कुरा नभएको तर्क गरिन् ।**

गोरखाकी पूजा गुरूङको रूचिको विषय नै कला हो । हाल दमौलीमा विजनिस स्टडिजमा प्लस टु गरिरहेकी उनी औपचारिक पढाइ सकेपछि कला क्षेत्रमै लाग्ने बताउँछिन् । सानैदेखि नाच्न, गाउन, अभिनय गर्न भनेपछि उनी हुरूक्कै हुने गर्थिन् । कतै सांस्कृतिक कार्यक्रम, सिनेमा हेर्न जाँदा त्यहाँ अभिनय गर्ने कलाकारदेखि उनी प्रभावित हुने गर्थिन् । यो क्रम अहिले पनि जारी नै रहेको छ । पूजा समाजसेवी भावनाकी छिन् । कसैलाई कुनै दुःख परेको देखेमा उनी त्यो दुःखलाई आफ्नै ठानेर सहयोग गर्न तत्पर हुन्छिन् । अप्ठ्यारोमा परेका केही मानिसलाई आफ्नो सामर्थ्यले भ्याएसम्म सहयोग गर्दै आएको जानकारी उनले दिइन् । भविष्यमा यो क्रमलाई निरन्तरता दिने लक्ष्य उनले लिएकी छन् । नयाँ साथी बनाउने, पत्रमित्रता गर्ने उनका रूचिका विषय हुन् ।

भविष्यमा चर्चित मोडल बन्ने सपना बोकेकी उनी आफ्नो रूचिलाई साकार पार्न जस्तोसुकै चुनौतीको सामना गर्न पनि तयार रहेको बताउँछिन् । नेपालमा कला क्षेत्रमा लागेर कमाइ कम हुने यथार्थबारे जानकार उनले जीवनमा पैसा मात्र ठूलो कुरा होइन भन्ने यथार्थ बुझेकी छिन् । 'आफ्नो रूचिको क्षेत्रमा लाग्न पाए पारिश्रमिक कमबेसी भन्ने कुरा गौण हुन्छ', उनले भनिन् । हट नेपालको प्रतिभा प्रतियोगितामा विजयी भएकोमा उनी औधी खुसी छिन् । हट नेपालले सञ्चालन गरेको यो प्रतियोगिताले नयाँ प्रतिभालाई प्रस्फुटन हुन सहयोग पुऱ्याइरहेको उनी बताउँछिन् । उनले हट नेपालको फेसबुक पेजमा आफ्नो स्टाटसमा सर्वाधिक लाइक गरेर विजयी गराउने सम्पूर्ण शुभचिन्तकलाई आभार व्यक्त गरिन् ।


Bagaicha
Restro & Bar
Jawalakhel, Lalitpur, Nepal, Tel: 01-5548148
Email: newsbagaicha@yahoo.com

हट नेपाल मासिकले कला क्षेत्र (अभिनय, मोडलिङ, संगीत)मा आउन चाहनेहरूका लागि सहजकर्ताको काम गर्नेछ । हाम्रो फेसबुक पेज www.facebook.com/hotnepalmagazine को इनबक्सभित्र आफ्नो फोटो र विवरण पठाउनुहोस् । त्यसलाई हामी फेसबुक पेजमा पोष्ट गरिदिन्छौं । एक महिनाको अवधिमा बढी लाइक पाउने एक जनाको अन्तरवार्ता हट नेपालमा प्रकाशित गरिनेछ । विजेताले जावलाखेलस्थित बगैंचा रेष्ट्रो एन्ड बारमा दुई जनाका लागि लञ्च वा डिनरको सुविधा प्राप्त गर्नेछन् । त्यसैले आफ्नो विवरण, फोटो र इमेल तथा सम्पर्क ठेगाना पठाउनुहोस् । तपाईंको रूचिलाई हामी सार्थक बनाइदिने छौं । – सम्पादक

SiBN
REDEFINING NEPALI MEDIA

# Sarangi International Broadcasting Network



RADIO SARANGI
101.3 MHZ ...पूर्वको उज्यालो

**Radio Sarangi 101.3 MHz**
Biratchowk, Morang
+977 021 546063, 546073

RADIO SARANGI
93.8 MHz राष्ट्रको धुन...

**Radio Sarangi 93.8 MHz**
Mahendrapul, Pokhara
+977 061 541882, 541883

www.radiosarangi.com






तस्वीर : कविन्द्रमान शाक्य



# मनमोहक स्थानमा सिलौटी रिसोर्ट

ललितपुरको नख्खीपोटस्थित नख्खु खोला दोभानको रमणीय जंगलको मनमोहक स्थानमा सिलौटी रिसोर्ट रहेको छ । सिलौटी आफैमा छुट्टै विशेषता बोकेको रिसोर्ट हो । जंगलको पानीलाई स्पिङ्ग गरेर शुद्ध पारिएको खानेपानी व्यवस्था गरिएको सिलौटीमा चिटिक्क परेका तीन प्रकारका आरामदायक स्वीमिङ पुल रहेका छन् । ती स्वीमिङ पुलहरुमा उमेरअनुसारका ग्राहकले आनन्द लिन सकिने सिलौटीका मेनेजिङ डाइरेक्टर कविन श्रेष्ठ बताउँछन् । सिलौटीमा अठारौं शताब्दी झल्काउने बम्बु कटेजदेखि २१औं शताब्दीका आधुनिक मोडलका कटेजमा बसेर खानपिन गर्नुको अलावा बस्नको लागि सुविधा रहेको छ । आकर्षक ग्लास हाउसको बेग्लै आकर्षण रहेको सिलौटीमा सुविधाअनुसारको











## सम्पर्क

नख्खीपोट (नख्खुडोल), ललितपुर
फोन : ५५४५१५०, ९८१३४२४९२८











चार वटा डिलक्स रूमहरु पनि रहेका छन् । इण्डियन, चाइनिज र कन्टिनेन्टल खाना पाइने सिलौटीमा बेबिक्यू अर्थात् आफैले खानेकुरा सेकेर खाने सुविधा हरेक शुक्रबार दिंदै आएको जानकारी पनि मेनेजिङ डाइरेक्टर श्रेष्ठले दिएका छन् । 'यु ड्रिंक, वी ड्राइभ' अर्थात् मदिरा सेवन गरेका ग्राहकलाई घरसम्म पुऱ्याइदिने सुविधा समेत दिंदै आएको सिलौटीमा खानका लागि गोजीमा नगद ५ सय देखि २ हजारसम्म बोके पर्याप्त पुग्छ । डिलक्स रूमको सुविधा लिनको लागि ३ हजारसम्म बोक्नुपर्ने हुन्छ । सिलौटीको अर्थ धेरैले मसला पिंध्ने सिलौटा हो कि भन्ने बुझ्ने गरेका छन् । यथार्थमा सिलौटी लिम्बूहरूको भगवानको नाम हो । लिम्बू भाषाबाट यस रिसोर्टको नाम राखिएको हो । यसका सञ्चालकमध्ये एकजना मदनबहादुर लिम्बू भएकाले यो नाम जुराइएको हो । ४ रोपनी जग्गामा फैलिएको सिलौटी रिसोर्टको स्थापना २०७१ भदौ ५ गते भएको हो ।



■ दीपक लोहनी

# हलुवाबेदमा गुलियो भर्ने जापानी युवती

ग्रामीण विकासमा माष्टर गरेपछि जापानी युवती माइको मियाजाकी नेपाल छिरिन् । ग्रामीण विकासको लागि कृषि नै प्रमुख आधार हो भन्ने उनको मुख्य ठम्याइ छ । यसैलाई व्यवहारमा उतार्न उनले काठमाडौंको धापासी, टोखा, मनमैजु, फुटुङ र साङ्लालाई आफ्नो आधार इलाका बनाइन् । त्यहींका किसानहरूलाई उपयोगी अनेक अर्गानिक कामहरु सिकाइन् । मैले आफूले सक्दो साथ र सहयोग दिएँ ।

कृषिलाई विद्यालयस्तरबाट नै अगाडि बढाउनु पर्ने कुरामा जापानीहरु बढी सचेत छन् । माइको मियाजाकीमा पनि यस्तै धारणा रहेछ । तसर्थ उनी र म मिलेर काठमाडौंका थुप्रै स्कुले बिद्यार्थीहरुमा कृषिको बीज रोप्ने काम गऱ्यौं । थुप्रै स्कुलहरुमा करेसाबारी बनाएर विद्यार्थीहरूलाई कृषिको व्यावहारिक तालिम दियौं । कतै भने गमलामै भए पनि तरकारी रोप्न-फलाउन सिकायौं ।

नेपालमा हलुवाबेदलाई टर्रो फल भनी खासै उपभोग नगरेको देखेर माइको मियाजाकी दिक्क भइन् । उनकै आइडिया र अग्रसरतामा हामीले टर्रो हलुवाबेदमा गुलियो भर्ने काम गऱ्यौं ।

नेपालमा हलुवाबेदलाई टर्रो फल भनी खासै उपभोग नगरेको देखेर माइको मियाजाकी दिक्क भइन्। उनकै आइडिया र अग्रसरतामा हामीले टर्रो हलुवाबेदमा गुलियो भर्ने काम गऱ्यौं। यस कार्यलाई जापानी भाषामा होसागाकी भनिन्छ। नेपालमा चाहिँ होसागाकीको स्वाद चखाउने काम बल्ल हुँदै छ। अब सायद नेपाली टर्रो हलुवाबेदले टर्रो नै भएर बोटमै कुहिनु नपर्ला।











यस कार्यलाई जापानी भाषामा होसागाकी भनिन्छ । नेपालमा चाहिँ होसागाकीको स्वाद चखाउने काम बल्ल हुँदै छ । अब सायद नेपाली टर्रो हलुवाबेदले टर्रो नै भएर बोटमै कुहिनु नपर्ला ।

मियाजाकीले थुप्रै किसानलाई सजिलो मल बनाउने तरिका सिकाइन् । मिथेन ग्यास, ढुटो र पीनाबाट सहजै बन्ने इकिही मलको नमूना उनले थुप्रै किसानहरूलाई बाँडिन् । गाईवस्तुको गोबर र कुखुराको सुली मल खरिद र ढुवानीबाट हैरान भएका युवा किसानहरूले इकिही मललाई सहज अनुकरण गरे ।

शहरको फोहर व्यवस्थित गर्न टाकाकुरा मलको अवधारण माइको मियाजाकीले हामीलाई सिकाइन् । घरायसी फोहर कुहियाउने बीउमलको प्रयोगले कुहिने फोहरबाट कम्पोष्ट मल बनाई तुरुन्तै मोहर बनाउन सकिंदो रहेछ । बर्सेनि नयाँ नगरपालिकाहरु थपिने हाम्रो देशमा फोहर व्यवस्थापन गर्न टाकाकुरा मलको अवधारणाको विकास गर्न सके फोहरको सहज थान्को लाग्ने थियो ।

माइको मियाजाकीले महाभूकम्प-२०७२ को प्रत्यक्ष अनुभव गरिन् । धरहरा, काष्ठमण्डप, गोंगबु, बालाजु र मनमैजुको खण्डहर वस्ती देखेर उनी व्याकुल भइन् । उनी आबद्ध संस्था जाइका नेपालले तत्कालै उनलाई जापान पठायो । तर मियाजाकीको मन नेपालमै थियो । उनले जापानको तीनहप्ते बसाइमै थुप्रै राहत संकलन गरी नेपालका भूकम्प पीडितहरूलाई वितरण गरिन् ।

माइको मियाजाकीसँग कोमल र दयालु मन छ । उनी जहाँ जहाँ जान्छिन् आफ्नो कोमल र दयालु मन पनि उतै पस्किएर थुप्रै नयाँ साथी बनाउँछिन् अनि रैथाने वस्तुहरूबाटै ग्रामीण विकास गर्ने अधारणा निकाल्छिन् ।



# सामसुङका स्मार्ट संजीव मिश्र

संजीव मिश्र नाम नै यतिखेर आइकन बनेको छ । नेपालमा सामसुङ मोबाइलको एकमात्र आधिकारिक आयातकर्ता आईएमएस टेलिट्रेड नेपालको महाप्रबन्धक पदमा कार्यरत मिश्रको परिचय यतिखेर सामसुङ मोबाइलसँग जोडिएको छ । सामसुङ मोबाइलसँग बेग्लै मोह पनि उनमा देखिएको छ । सामसुङको दुई सेट मोबाइल बोक्ने उनी हरदम व्यस्त बन्ने गरेका छन् । आधुनिक प्रविधिसँग एकाकार मिश्रलाई चौबिसै घण्टा अनलाइन भेट्न सकिन्छ । सामसुङको उच्च प्रविधियुक्त मोबाइलले मिश्रको जीवनशैलीमा नै चौतर्फी परिवर्तन ल्याएको छ ।

सामसुङको सामसुङ अल्फा युज र ग्यालेक्सी एसफाइभ यतिखेर मिश्रको रोजाइको ब्राण्ड भएका छन् । समय अनुसार सरल र सहज अनि बढी सुविधायुक्त सामसुङ मोबाइल ब्राण्डको उनी चुजी नै बनेका छन् । नेपालमा सबैका हात-हातमा बदलिंदो समय अनुसार सामसुङको बढीभन्दा बढी सुविधा भएको स्मार्ट फोन पुर्‍याउने लक्ष्यका साथ आईएमएस टेलिट्रेड नेपालको महाप्रबन्धक पदमा विगत अढाई वर्षदेखि कार्यरत मिश्रले सोचेअनुरूप भएको छ । स्मार्ट फोनमा सामसुङ नेपालको नम्बर वान ब्रान्ड नै बनेको छ । यसमा आफ्नोभन्दा कम्पनीका अध्यक्ष दीपक मल्होत्राको मेहनत नै प्रमुख कारण रहेको भन्न मिश्र रूचाउँछन् । अध्यक्ष मल्होत्राकै योजनालाई आफूहरूले अगाडि बढाइरहेको उनी बताउँछन् ।

ललितपुरको बागडोलस्थित निवासबाट काठमाडौंको दरबारमार्ग कर्पोरेट अफिसमा १० बजेभित्र पुग्ने गरेका मिश्र टोयोटा गाडी चलाउँछन् । हातमा रोलेक्स ब्राण्डको घडी लगाउने रूचि राख्ने मिश्र समयप्रति निकै सचेत छन् । राति ढिला नभएको बेलामा अक्सर बिहान ६ बजे नै उठेर दैनिक दिनचर्याको सुरूवात गर्ने उनी पानी परेको दिनमा भने बिहान ८ बजेसम्म नै सुत्न मन पराउँछन् । बिहान उठ्नासाथ घरमै हल्का शारीरिक अभ्यास गर्न रूचाउँछन् । पानी परेको बेला अबेरसम्म बेडमा नै हुने भएकोले एक्सरसाइज गर्न समय नमिल्ने भएकोले अफिसबाट फर्केको लगत्तै बिहान छुटेको एक्सरसाइज गर्ने बानी मिश्रको छ । यसको अलावा बिहान या बेलुकी एक घण्टा समय मिलाएर योग गर्ने उनको नियमित रूटिङ पनि छ ।

मिश्रको स्कुल जीवनदेखि नै सफल मेनेजर बन्ने सपना थियो । तर, मिश्रको परिवारको चाहना भने उनी इन्जिनियर बनेको हेर्ने थियो । परिवारको त्यो चाहनालाई पूरा गर्न तथा पिताजीको मन नदुखाउन उनले इन्जिनियरिङ पढे । इन्जिनियरिङ पढेर परिवारलाई खुसी बनाए पनि उनले आफ्नै मनलाई भने खुसी बनाउन सकेनन् । यसले गर्दा बीचैमा इन्जिनियरिङको अध्ययन छाडेर उनी मेनेजमेन्ट पढ्न भारत लागे ।

भारतबाट मेनेजमेन्टको पढाइ पूरा गरेर उनी काठमाडौं फर्किए । करिअर बनाउन राम्रो संस्थामा जागिरको खोजीमा लागे । काठमाडौंमा भनेजस्तो जागिर नपाएपछि उनी पोखराको फूलबारी रिसोर्टमा आबद्ध भए । त्यहाँ उनले छोटो समय मात्र काम गरे । यसको मूल कारणमा काठमाडौंबाहिर उनी रम्न सकेनन् । पुर्खाको थातथलो तराईको सर्लाही भए पनि उनको जन्म काठमाडौंमा नै भएको थियो । काठमाडौंको थापाथलीस्थित प्रसूति गृह नै आफ्नो जन्मघर भन्न उनी रूचाउँछन् ।

फूलबारी होटलमा छोटो अनुभव सँगालेपछि उनी काठमाडौंको र्‍याडिसन होटलमा आबद्ध भए । र्‍याडिसनमा उनले ट्रेनीबाट करिअर सुरू गरेर मेनेजमेन्टको उपल्लो पोष्टसम्म अढाइ वर्ष काम गरे । सफल मेनेजर बन्ने सपना भएकोले त्यहाँ उनले त्यसबेला दुःख र मेहनतका साथ काम गरेका थिए । पछि च्यानल नेपाल, नेपाल वान लगायतका टेलिभिजनमा प्रमुख मिडिया पर्सन भएर ती टेलिभिजनलाई स्थापित गर्नमा धेरै समय खर्चेका थिए । त्यसैले उनले मिडियाप्रति आफूमा लागेको नशा अझै कायम रहेको बताएका छन् । मिडिया आफ्नो सबैभन्दा प्यारो क्षेत्र भएको दोहोर्‍याउन उनी पछि पर्दैनन् ।

काठमाडौंमै हुर्किएका मिश्रको स्कुल जीवनका सुरूवाती वर्षहरु डिल्लीबजारको विजय मेमोरियल स्कुलमा बित्यो । पिता सरकारी जागिरे भएकाले पिताको सरूवासँगै उनको स्कुल पनि सरूवा हुन्थ्यो । त्यस क्रममा उनले विराटनगरको अरनिको स्कुलबाट एसएलसी पूरा गरेका थिए । पढाइमा अब्बल नै भएकाले परिवारकै योजना अनुसार इन्जिनियरिङका लागि पुल्चोक क्याम्पसमै नाम निकाले । तर आधा इन्जिनियर बनेपछि उनले पढाइ छाडेका थिए । इन्जिनियरिङको पढाइ छाडेकोमा उनलाई कुनै पछुतो छैन । एकजना सफल मेनेजरको रूपमा समाजमा पहिचान राख्न सफल भएकोमा उनले यसैमा गर्व गर्ने गरेका छन् ।

चर्चित गायिका नलिना चित्रकारको श्रीमान्को रूपमा पनि मिश्रलाई चिन्ने गरिएको छ । गायिका चित्रकारसँग अन्तरजातीय प्रेम विवाह भएको पनि १२ वर्ष भइसकेको छ । यस बीचमा यो जाडीको छोरा सक्षम मिश्र १० वर्ष पुगिसकेका छन् । आफूहरूबीचको सम्बन्ध श्रीमान्-श्रीमतीको भन्दा राम्रो साथीको रूपमा रहेको मिश्र बताउँछन् । दुवैले दुवैका हर कुरामा सहयोग र साथ दिने बानीले नै आफूहरूको दाम्पत्य जीवन अत्यन्त सफल भएको रहस्य पनि उनले खुलाए । आफ्नो सफलता नै यसैमा लुकेको उनी स्पष्ट पार्छन् ।

■ **श्याम स्मृत**







# पर्मिङ फेसन

• रमिता श्रेष्ठ
ब्युटी एक्सपर्ट

फेसन समयअनुसार बदलिरहेको छ। त्यसैले पनि आज स्ट्रेटको जमाना छ भने भोलि पर्मिङको जमाना आउन सक्छ। तर, जे भए पनि कपालसम्बन्धी सबै तरिकाको ज्ञान हुनु भने जरुरी छ। पर्मिङको इतिहास हेर्ने हो भने धेरै पुरानो र रोचक छ। इजिप्ट र रोमका महिलाले माटो र पानीलाई कपालमा लगाएर काठको रोलरमा बाँधेर घाममा सुकाउने र कपाललाई घुम्रिएको बनाउँथे। तर, समयक्रमसँगै पर्मिङ गर्ने तरिका र यसको केमिकलमा धेरै सुधार हुँदै गएको छ। अहिले कपालअनुसार छुट्टै प्याकेटसँगै प्रोटिन, जडिबुटी र विभिन्न चिज मिसाएर यसको क्षमता र सुरक्षामा पनि ध्यान दिइएको हुन्छ। पर्मिङ लोसन र न्यूट्रलाइजरले समयमै काम गर्ने हुनाले कपाल बिग्रिने डर कम हुने गर्छ। अहिले कपाललाई खराब हुनबाट बचाउन र प्रयोग गर्न सरल भएको छ।



### प्रिलिमिनरी टेस्ट कर्ल

ग्राहकको कपालमा पर्म वा वेभले कस्तो रुप लिन्छ, थाहा पाउन त्यसको टेस्ट जरुरी हुन्छ। यसले पर्मिङ लोसनको गुणस्तर, रडको साइज र समयलाई निर्धारण गर्छ।

### पर्मिङ गर्ने विधि

- कपाललाई स्याम्पु गर्ने र सुकाउने।
- पर्म गर्ने कपाललाई छुट्याएर २-३ वटा रडलाई विभिन्न भागमा राख्ने।
- पर्मिङ लोसनलाई खोलभित्र दिइएका तरिकाअनुसार सावधानीपूर्वक लगाउने र निर्देशन नोटमा लेखिएको समयसम्म राख्ने।
- यदि कुनै रड खोलेर हेर्दा राम्रो र बलियो 'एस' आकारको बनाउँछ वा चाहेजस्तो कर्ल बनेछ भने समय नोट गर्ने।
- अब कपाललाई मन तातो पानीले राम्रोसँग पखाल्ने र सफा रुमालले चलाउने र निचोर्दै सुकाउने।
- सुकेपछि न्यूट्रलाइजरलाई पुस्तकमा निर्देशनअनुसार त्यही तरिकाले लगाउने र तोकिएको समयसम्म राख्ने।
- कपाल धुने, सुकाउने र बिस्तारै रड निकालेर कपालको परिणामलाई विचार गर्ने। यदि सबै प्रक्रिया भएको छ भने समय र पर्मिङ लोसन कम लगाउने।
- यदि परिणाम राम्रो आएको छ भने अब सम्पूर्ण कपाललाई पर्मिङ गर्न सक्नुहुन्छ।

### सावधानी

- २४ घण्टा पहिले प्याच-टेष्ट गर्नु जरूरी छ।
- टाउकोमा खाउ, खटिरा त धेरै कपाल झर्छ भने गर्नु हुँदैन।
- पहिले पर्म गर्दा एलर्जी भएको थियो भने पर्म नगर्ने।
- पर्म गरेको कपालमा ४८ घण्टासम्म स्याम्पु, कण्डिस्नर वा मसाज गर्नुहुँदैन।
- पर्मिङ र रंग एकै दिनमा गर्नु हुँदैन।



डा. रामप्रसाद पोखेल

# टनसिल निकाल्ने कि राख्ने ?




मानिसको घाँटीमा जिब्राको पछिल्तिर दुवैपट्टि शरीर सुरक्षाका लागि गेटकिपर जस्तो टनसिल बसेका हुन्छन् । मानिसको शरीरमा इन्फेक्सन भित्र नपरोस् भनी यसले रोकथाम गर्ने काम गर्छ । बरू सुन्निएर आफै बस्छ, पाक्छ यसले इन्फेक्सनलाई शरीरभित्र प्रवेश निषेध नै गरिदिन्छ । कारणवस यो सुन्निएर ठूलो भयो भने खाना निल्न गाह्रो हुन्छ, कान दुख्छ र सुन्न पनि कम हनसक्छ । घाँटीका वरिपरिका ग्ल्यान्डहरु पनि सुन्निन थाल्छन् । कतिको त बोली पनि बिग्रन्छ । बरोबर टनसिल पाक्यो र सुन्निने भइरह्यो भने यसलाई निकालिन्छ । टनसिल निकाल्दा पनि शरीरलाई ठूलो हानि भने पुग्दैन ।

टनसिललाई एक विशेष प्रकारको ब्याक्टेरियाले आक्रमण गर्‍यो भने त्यसबाट रिमेटिजम हुन्छ र हातगोडा सुन्निने गर्छ । पछि गएर मुटुमा पनि असर पार्छ । धेरै बालबच्चाको मुटुको रोग टनसिलको उपचार राम्रोसँग नभएकाले हुनेगर्छ । टनसिललाई आक्रमण गर्ने स्ट्रोप्टोककस ब्याक्टेरिया हो । आधुनिक दुनियाँमा पेनसिलिन र नयाँ एन्टिबायोटिक आविष्कार भएको हुँदा सुरूमा नै टनसिलको उपचार गरेमा मुटुमा हुने विकृति हटाउन सकिन्छ । स्वास्थ्यविज्ञानमा भएको नयाँ आविष्कार र पछिल्लो समयमा मानिसहरु आफ्नो स्वास्थ्यप्रति सचेत हुँदै गएकाले यस किसिमको विकृति घट्दै गएको छ ।

घाँटी बरोबर दुखेमा, टनसिल पाकेर ठूलो भइरहेमा, कान पाकेमा वा खाना निल्न गाह्रो भएमा टनसिल निकाल्नै उपयोगी हुन्छ । यदि यो हदसम्मको अवस्था आएको छैन भने टनसिललाई उसकै स्थानमा बसिरहन दिनुपर्छ । यसले शरीर रक्षामा सहयोग नै पुर्‍याइरहेको हुन्छ । टनसिल पाकेमा बेसार र नुनपानीले कुल्ला गर्नुपर्छ । घरेलु उपचारले ठीक नभएमा चिकित्सकको परामर्श लिनुपर्छ ।

*(वरिष्ठ नेत्र विशेषज्ञ, काठमाण्डू मेडिकल कलेज)*






# सामसुङको जेड वान

सामसुङले पहिलो टिजन पावर भएको जेड वान स्मार्टफोन नेपाली बजारमा ल्याएको छ । यस स्मार्टफोनमा प्रयोगकर्तालाई आनन्दित बनाउने विभिन्न फिचर्सहरु रहेको कम्पनीले जनाएको छ । यो स्मार्टफोन तीव्र गतिमा चल्ने टिजन प्लेटफर्ममा बनाइएको छ । नेपाली बजारमा यो स्मार्टफोनको मूल्य ७ हजार ४ सय ९० रूपैयाँ तोकिएको छ ।

४ इञ्चको डब्लुभीजीए पीएलएस डिस्प्ले रहेको यस स्मार्टफोनमा एडभान्स सामसुङ टेक्नोलोजी प्रयोग गरिएको कम्पनीको दाबी छ । यसमा ३.१ मेगापिक्सेल रियर क्यामेरा र भीजीए फ्रन्ट क्यामेरा रहेको छ । जेड वानमा १.२ गीगाहर्ज डिउल कोर प्रोसेर, ७६८ एमबी र्‍याम, ४ जीबी इन्टरनल मेमोरी, माइक्रो एसडी कार्डमार्फत ६४ जीबीसम्म मेमोरी विस्तार गर्न सकिने लगायतका सुविधाहरु रहेका छन् ।

यसमा १५०० एमएएच क्षमताको ब्याट्री रहेको छ । जसबाट ७ घण्टासम्म भिडियो हेर्न र ८ घण्टासम्म कुरा गर्न मिल्छ । लामो समयसम्म ब्याट्री टिकाउन अल्ट्रा पावर सेभिङ मोड राखिएको छ ।

जेड वान सेतो कालो र वाइन रेड कलरमा उपलब्ध भएको कम्पनीले जनाएको छ । जेड वान खरिद गर्ने ग्राहकले एनसेलको हरेक महिना ३०० एमबीका दरले डाटा तीन महिनासम्म चलाउन पाउनेछन् । सामसुङ नेपालका प्रमुख प्रणयरत्न स्थापितले नेपालमा स्मार्टफोनको बजार विस्तार तीव्र गतिमा भइरहेको बताउँदै जेड वानले पनि नेपालमा आफ्नो बलियो उपस्थिति देखाउने दाबी गरेका छन् ।



# डियोमा आकर्षण

कुनै पनि सामानको मोडल तथा रंग मात्र परिवर्तन गरे पनि त्यसले बजार राम्रो पाउने गरेको यथार्थ नेपालमा यतिखेर होण्डा कम्पनीको होण्डा डियो स्कुटरले देखाएको छ । विशेष गरेर स्कुटीको कलर कम्बिनेसनमा मोडिफाइड गरेर बजारमा आएको लोकप्रिय स्कुटर होण्डा डियोको पछिल्लो संस्करण झण्डै चार हजार पाँच सय थान भन्दा बढी विक्री भइसकेको नेपालका लागि होण्डाको आधिकारिक विक्रेता स्याकार ट्रेडिङ कम्पनीले जनाएको छ ।

दुई महिनाअघि मात्र नयाँ रंग र मोडलका डियो स्कुटर स्याकार कम्पनीले नेपालमा सार्वजनिक गरेको थियो । रंग र स्टाइलमा समेत परिमार्जन गर्दै नेपाली बजारमा विक्री सुरु भएको डियोलाई छोटो समयमै धेरै उपभोक्ताले रूचाएको स्याकार ट्रेडिङका प्रबन्ध निर्देशक शौरभ ज्योतीले बताएका छन् । ज्योतिले नयाँ स्कुटरको रंग संयोजन धेरै रूचाइएको दाबी पनि गरेका छन् ।

हाल डियो स्कुटर स्पोर्टस् रेड, ब्ल्याक, क्याण्डी पाल्म ग्रिन तथा क्याण्डी ज्याज ब्लु कलरमा उपलब्ध रहेका छन् । जापानको होण्डा कम्पनीले उत्पादन गर्ने डियो स्कुटर नेपालमा सबैभन्दा धेरै रूचाइएको स्कुटर हो । सामान्यतया नेपालमा हरेक महिना एक हजार ८ सय डियो स्कुटर विक्री हुने गरेको र यो दर २० प्रतिशतले वृद्धि भइरहेको पनि कम्पनीले जनाएको छ । महिला मात्र नभएर पुरूषले पनि स्कुटर चढ्ने भएकाले पछिल्लो समयमा स्कुटरको विक्री बढेको कम्पनीको भनाइ छ । प्रतिलिटर ६० किलोमिटर माइलेज दिने डियो स्कुटरको मूल्य १ लाख ७२ हजार ९ सय रूपैयाँ रहेको छ ।

---

भारतीय मोटर्स निर्माता कम्पनी टाटाको बहुप्रतीक्षित कार टाटा बोल्ट नेपाली बजारमा भित्रिएको छ । स्पोर्टी ह्याचब्याक बोल्ट पेट्रोल र डिजेल इन्जिनमा उक्त कार हाल बजारमा उपलब्ध रहेको छ । पेट्रोल र डिजेल दुवै सेगमेन्टका ३ र ३ वटा भेरियन्ट रहेका छन् । नेपाली बजारमा पेट्रोल इन्जिन बोल्टको मूल्य २३ लाख ९५ हजारदेखि २९ लाख २५ हजार रूपैयाँसम्म पर्छ । त्यस्तै डिजेल बोल्टको मूल्य २८ लाख ३५ हजारदेखि ३२ लाख ४५ हजारसम्म रहेको छ । कम्पनीका अनुसार पेट्रोल इन्जिन बोल्टले प्रतिलिटर १७.५७ किलोमिटर र डिजेल इन्जिन बोल्टले २२.९५ किलोमिटर माइलेज दिन्छ । भारतको पुनेस्थित पिम्प्री प्लान्टमा उत्पादित बोल्ट डिजाइन, ड्राइभिङ, कनेक्सनजस्ता विशेषताले सुसज्जित छ । यसको सबैभन्दा आकर्षक पक्ष एउटै इन्जिनमा मल्टी ड्राइभ मोड रहनु हो ।

# बहुप्रतीक्षित टाटा बोल्ट कार



# मास्कोमा आनन्ददायी बौद्धविहार







मास्को महानगरीको उत्तर-पूर्वी क्षेत्रमा पर्ने ओत्राद्नोए भन्ने इलाकामा रहेको पार्ककै छेउमा नोभोभ्लादिकिन्स्की मार्गमा मास्को सरकारको निर्णयअनुसार सन् २००० मै रूसको राजधानीमा बौद्धविहारको निर्माणार्थ मास्को बौद्ध समाजलाई जग्गा उपलब्ध गराइएको थियो । परन्तु मास्को नगरभित्र नै भूमिगत रेलमार्गको बिसौनीबाट नजिकै पर्ने उक्त ठाउँमुनि विभिन्न नगरीय संरचनाहरु रहेको हुँदा बौद्धविहार निर्माणको नक्सा पास गराउन निकै समय लागेको हुनाले त्यस ठाउँमा बौद्धमन्दिर निर्माण गर्ने कार्य यसै वर्षको वसन्त (१४ मेई २०१५) मा मात्र शुभारम्भ भएको छ । बौद्धविहार निर्माणका लागि प्राप्त गरिएको स्थलको एक कुनामा सर्वप्रथम बनाइएको एउटा साधारण स्तुप र हाम्रै नेपालको रञ्जनालिपिमा बौद्धमन्त्र अङ्कित बडेमानको माने अहिले पनि देख्न सकिन्छ ।

मास्कोमा बौद्धविहार निर्माण गरिने स्थलको नाम 'ओत्रादनोए' रहनु पनि प्रतीकात्मक छ भन्न सकिन्छ । रूसी भाषामा 'ओत्रादनोए' को अर्थ हुन्छ- 'आनन्ददायी' । तसर्थ त्यस स्थाननामलाई नेपालीमा उल्था गर्दा 'आनन्दभूमि' वा 'आनन्ददायी स्थल' भन्नु निकै उपयुक्त हुने ठान्दछु । उल्लेखनीय के पनि छ भने बौद्धविहार निर्माण गरिने ठाउँको आसपासमा क्रिश्चियन अर्थाडक्स चर्च, इस्लामिक मस्जीद र यहूदी सेनागोगा पनि निर्मित भइसकेका छन् र वास्तवमै यो स्थल रूसका चारै प्रमुख धर्मका मन्दिरहरूले सुशोभित पवित्र स्थल बन्न पुगेको छ ।

के पनि बताइहालौं भने मास्कोमा अर्थाडक्स क्रिश्चियन धर्मका अनुयायी रूसीहरूका अतिरिक्त यहूदी र मुसलमानहरूको











जनसंख्या सघन बौद्ध धर्मावलम्बीहरूको संख्या निकै कम छ । उनीहरूको बसोवासको क्षेत्र मुख्यतः रूसको पूर्वेली भाग (बुर्‍यातिया, तुभा, काल्मिकिया) मा पर्दछ । रूसको राजधानीमा यस देशका चारै प्रमुख धर्मका अतिरिक्त क्याथोलिक चर्च आदि अन्य धर्मका मन्दिरहरु अस्तित्वमा भए तापनि बौद्धविहारको अभाव खट्किरहेको छ । बुद्धधर्म एउटा प्राचीनतम विश्वधर्म हो र रूस महासंघको पनि यो एक परम्परागत धर्म हो । वर्तमान समयमा रूसमा बुद्धधर्म विकासको पथबाट अगाडि लम्किरहेको छ र बौद्ध समाजहरु गठन गरिनुका साथै बौद्धमन्दिरहरूको पनि निर्माण हुन थालेको छ । रूसको राजधानीमा बसोवास गरिरहेका बौद्ध धर्मावलम्बीहरूले मास्को बौद्ध समाज भनिने सामाजिक संस्था स्थापना गरेका छन् । त्यसको अध्यक्ष पदमा बुर्‍यातिया मूलकी डोल्मा शाग्दारोभा कार्यरत छिन् । उनी मास्कोमा पहिलो बौद्धविहारको निर्माण गर्ने कार्यमा कैयौं वर्षदेखि संलग्न रहेकी छन् । उनीसँग धेरै पहिलेदेखि नै मेरो चिनापर्ची छ ।

रूसको राजधानीमा बौद्धविहारको निर्माणको कुरा चलेको धेरै वर्ष भयो । जर्मनी फाशिवादको विरूद्ध सोभियत जनताको महान देशभक्तिपूर्ण युद्धको स्वर्णजयन्तीको सन्दर्भमा मास्कोमा द्वितीय विश्वयुद्धमा सोभियत जनताको विजयको स्मारकको रूपमा सन् १९९५ को ९ मेईका दिन विजय पार्कको उद्घाटन हुँदा उक्त युद्धमा भाग लिने रूसका चारै प्रमुख धर्महरू (क्रिश्चियन अर्थाडक्स चर्च, यहूदी धर्म, इस्लाम धर्म र बुद्ध धर्म) का वीर योद्धाहरूको स्मृतिमा त्यस विशाल पार्कमा चारै धर्मका प्रतीकस्वरूप मन्दिरहरूको पनि निर्माण गर्ने योजना रहेको कुरा सुनिएको थियो । तर विजय पार्कमा अर्थाडक्स चर्च, सेनागोग र मस्जीद देखापरेको भए तापनि बौद्धमन्दिर निर्मण हुन सकिरहेको थिएन र ७०औं विजय दिवस भव्यतापूर्वक मनाउने क्रममा त्यहाँ बौद्धमन्दिर बनाइने समाचार प्रकाशित भएको थियो । तर अझै पनि त्यसको निर्माण भइसकेको छैन ।

यस बौद्धविहारको विशेष महत्व हुन्छ । बौद्धमार्गीहरूका लागि मात्र नभई अन्य धर्मावलम्बीहरूका लागि समेत खुला रहने मास्कोको यो बौद्धविहारको निर्माण सन् २०१७ को अन्त्यसम्ममा पूरा गर्ने योजना रहेको छ । रूसका प्रमुख चार धर्महरूमध्ये बौद्धमार्गीहरूको मात्र मास्कोमा कुनै मन्दिर नभएको परिप्रेक्ष्यमा के पनि उल्लेख्य छ भने यो बौद्धमन्दिर अन्तरजातीय र अन्तरधार्मिक सहिष्णुता र मित्रताको प्रतीक बन्ने छ । बुद्धको जन्मभूमिमा जन्मने सौभाग्य पाउने हामी नेपालीहरूका लागि मित्रराष्ट्र रूसको राजधानीमा बौद्धस्तुपसहित बौद्धविहार निर्माणको शुभारम्भ भएकोमा अपार हर्षको अनुभव हुनु स्वाभाविकै हो ।

■ **कृष्णप्रकाश श्रेष्ठ**






Radisson
Spa
Lazimpat
Keki Karki Director
9860347482, 9803629952
Email:radisson.spanepal@gmail.com, Facebook:radisson.spanepal@gmail.com




बागमती स्वीट्स
यहाँ पार्टी तथा
सेमिनारका लागि
लञ्च बक्सको विशेष
सुविधा उपलब्ध छ ।
आँखा अस्पताल नजिकै
गणेश मन्दिर पछाडि
त्रिपुरेश्वर, काठमाडौं
फोन : ४२६०२५३,
४२६००५७

QUALITY
PRINTING
True Colors
Ramesh Kishor Shrestha
Active
Printing Press Pvt. Ltd.
Galkopakha-29, Thamel
P.O. Box 4665, Kathmandu, Nepal
Tel: 014022672, 4022656, 016223388
Fax: 977-1-4022656
Mobile: 9851036354
Email: activepress2010@gmail.com
Webside:activepringpress.com
HEIDELBERG



डा. उद्धव पुरी

# हाम्रो हैन राम्रो लुम्बिनी

ध्यान, ज्ञान, सद्भाव, करूणा र शान्तिका अग्रदूतका रूपमा संसारभर चिनिएका गौतम बुद्धको जन्म पश्चिम नेपालको लुम्बिनीमा इसापूर्व ६२३ मा भएको हो । जसको सप्रमाण सन् १९९६ मा प्रमाणित गरिएको बुद्ध जन्म स्मारक शिला वा मार्कर स्टोन र इशापूर्व २४९ तिर लुम्बिनी आएका मौरे सम्राट अशोकले पाली भाषामा 'यहाँ बुद्ध जन्मेका थिए' भनी लेखेको शिला जुन अशोक स्तम्भको रूपमा अहिलेसम्म पनि जस्ताको तस्तै छ । चिनियाँ यात्री र विभिन्न पुरातात्विक प्रमाण आदिले बुद्धको जन्मस्थल लुम्बिनी नेपालमा नै पर्छ भन्ने कुरामा संसारको कुनै पनि बौद्धिक जगत्मा विवाद छैन । जसलाई सन् १९९७ मा विश्व सम्पदा सूचीमा समावेस गरिएको छ भने संयुक्त राष्ट्र संघले आफ्नै पहलमा लुम्बिनी विकासको गुरूयोजना बनाएको छ ।

सन् १९७८ मा विश्वप्रसिद्ध वास्तुविद् प्राध्यापक केन्जो टागेले तयार गरेका गुरूयोजना विश्वकै सुन्दर योजनाहरूमध्येमा पर्दछ । तर उनले आफ्नो जीवनकालमा पूर्ण नभएको र गुरूयोजनालाई महत्व नदिएर कार्यान्वयन नगरिएको योजनाका रूपमा त्यसलाई लिएका थिए र जीवनको अन्तिम समयमा उनी लुम्बिनीका विषयमा चिन्तित थिए भन्ने कुराहरू सार्वजनिक भएका थिए । नेपालमा लुम्बिनीको गुरूयोजनाका सम्बन्धमा लुम्बिनीसँग सम्बन्धित बहुसंख्यकलाई जानकारी छैन । टागेले बोटबिरूवा, पानी, ध्यान, ज्ञान, बौद्ध सोच र चाहना वा बौद्ध शिक्षा आदिको बारेमा बौद्धधर्म र सिद्धान्तमा के कस्तो सम्बन्ध छ त्यसलाई आधार बनाएर गुरूयोजना बनाएका थिए ।

यो गुरूयोजना कम्तिमा पनि पाँचसय वर्षभन्दा बढी समयसम्मको जनचापलाई धान्ने र आकर्षण हुनेगरी बनाइएको छ । तर नेपालमा विभिन्न

**लुम्बिनीलाई सबैको लागि, सधैंको लागि र धार्मिक र सुन्दर वा लुम्बिनी हाम्रो भन्दा पनि राम्रो बनाउन सके यो देशकै अर्थतन्त्रको पनि मेरुडण्ड बन्न सक्छ।**

व्यक्ति र समूहको स्वार्थका कारण गुरूयोजना विवादमा पारिएको छ र यसलाई परिमार्जनको खाँचो ठान्दछन् । लुम्बिनीमा विगतदेखि अहिलेसम्म पदाधिकारी भएर गएका र सरकारको नेतृत्वमा रहेका जस्तै प्रधानमन्त्री र सम्बन्धित मन्त्री प्रायः सबैले गुरूयोजना विपरीत आफ्नो चाहनाको बस्तु र निर्माण थपेका छन् । जसलाई धर्म र आवश्यकताको तर्कमा गुरूयोजनाको परिमार्जनको कुरा गरेर टार्ने गरिन्छ ।

चाहे शान्ति स्तुप होस् वा शान्ति दीप र चाहे हालै स्थापित लिटिल बुद्ध हुन् वा अधिकभन्दा अधिक बिहारहरूको निर्माणको विषय हुन् गुरूयोजनाको विपरीत नै बनेका छन् । त्यसैले लुम्बिनीको गुरूयोजना पूर्ण नहुँदै यसलाई अव्यवस्थित बनाइएको छ । धेरैको अनुमान छ कि जसलाई सुधार गर्न नयाँ गुरूयोजना निर्माण गर्नभन्दा बढी खर्च लाग्न सक्दछ । जसका कारण लुम्बिनी धर्मका नाममा वा पर्यटनका लागि विश्वका मानिसहरूका लागि सुविधासम्पन्न र आकर्षण बन्न सकेन । अरु धर्महरूको जस्तै बौद्ध धर्मको मुख्य केन्द्र बन्ने यो स्थान वा गुरूयोजनाको सुन्दरताले मानिसको भीड जुनसुकै बेलामा पनि हुन सकेन ।

लुम्बिनीमा सम्बन्धित धर्मावलम्बी र पर्यटकको ज्यादै न्यून उपस्थिति छ । लुम्बिनी विकास कोषका पदाधिकारीहरूको अदूरदर्शिता, विषयको अज्ञानताका करण र केही स्वार्थपूर्ण साम्प्रदायिकताको कारण यस्तो गतिविधि बढ्दै गएको कुरा त्यहाँ नियुक्ति प्रकृयामा संलग्न हुने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अध्ययन गर्नु पर्ने विषय हो । लुम्बिनीलाई सबैका लागि, सधैंका लागि र धार्मिक र सुन्दर वा लुम्बिनी हाम्रो भन्दा पनि राम्रो बनाउन सके यो देशकै अर्थतन्त्रको पनि मेरूडण्ड बन्न सक्छ ।

*(लेखक, लुम्बिनी वौद्धिक सरोकारका महासचिव र प्रवक्ता हुन्)*





अलका आत्रेय चूडाल

# के ल्याउने त बैंककबाट?

घर नजिकै एसियामै भौतिक विकासको स्वाद चाख्ने तलतल जाग्दा हामी नेपालीलाई उहिलेदेखि अहिलेसम्म पनि बैंकक जाने भन्ने लाग्छ । अहिले एसियामा छिमेकी मुलुक चीन भौतिक विकासको चरम अनुभव गर्ने अर्को नयाँ पर्यटकीय गन्तव्यका रूपमा प्रस्तुत भए तापनि बैंककको आकर्षण घटेको छैन । हामीबीच बैंकक जानुका अन्य उद्देश्य पनि सुनिन्छन् । उहिले बाल्यकालमा दरबारबाट बिहा-व्रतबन्ध अथवा दशैं-तिहारमा बैंकक किनमेल गर्न गएको खबर पढेर ओहो! भनिन्थ्यो अहिले समयको गतिसँगै मध्यमवर्गीय परिवार पनि उपचार, किनमेल, मधुमास वा समुद्री तटमा बिदा मनाउन बैंकक जाने गरेका छन् । आफूलाई भने त्यहाँ जाने संयोग जुरेको थिएन ।

हालै १८औं विश्व संस्कृत सम्मेलनमा भाग लिन गएको असारमा मलाई पनि उहिलेदेखि सुनिराखेको बैंकक जाने मौका जुऱ्यो । म उत्सुक थिएँ त्यो बहुश्रुत शहर हेर्न । बैंकक त मैले सुनिरहेको भन्दा नौलो र आत्मीय रहेछ । भिन्न सांस्कृतिक र भाषिक परिवेशमा बस्दा-बस्दा गृहातुर भैरहेको बेला बैंकक टेक्नासाथ घरै आए जस्तो लाग्यो । एयरपोर्टदेखि नै दुई हात जोडेर गरेको अभिवादन फर्काउँदा कस्तो रमाइलो ! गगनचुम्बी महलहरू, इन्द्रेनीझैं तलैतला बाटाहरूले विदेशै पो आइयो कि जस्तो लाग्थ्यो । तर एयरपोर्टबाट होटेल आउँदा भएको जाम, बाटामा थापिएका पसलहरु र







जाममा परेर रोकिएको बेला अकस्मात् र कल्पनै नगरेको कुरा, फुटपाथमा हिँडिरहेका आफ्नै बुबा-आमा (जो नेपालबाट सम्मेलनमा भाग लिन अघिल्लो दिन बैंकक पुग्नुभएको थियो ।) लाई देखेर हत्तपत्त ट्याक्सीको झ्याल खोलेर बुबा-मम्मी भन्दै कराउँदा त पुरानो बानेश्वर नै पुगेको आभास भयो ।

सम्मेलनपछि हामी केही मन्दिर, दरबार (ग्राण्ड प्यालेस) तथा संग्रहालयहरु हेर्न गयौँ । बैंकक शहर रंगीन छ : मानिसहरु र तिनका रुचि दुवै । तिनका पहिरन पनि रङ्गीचङ्गी हुन्छन् त्यहाँका मन्दिर जस्तै । यूरोपमा जाडोमा सेतो, खैरो र कालो रङ देख्दा-देख्दा पट्याएका मेरा आँखा पनि इन्द्रेनीका सबै रङ्गहरु देखेर तृप्त भए । फलफूल र मासु मनपराउने थाईहरुको खाना पनि ट्वाक्क परेको अमिलो र पीरो, हाम्रै जस्तो । हामीकहाँ गर्भवती महिलाले खाने काँचो आँप त बैंककको बाटोमा ताछेर बेच्दोरहेछ, त्यो पनि नुन खुर्सानीको धूलोसँग । आहा! फलफूल मात्रै खाएर मैले पनि कति छाक टारेँ ! बिहानै खाजामा भुटेको भात खाएर सुरु हुन्छ थाईहरुको दिनचर्या, नेपालमा हामी पनि बिहान दालभात खाएर काममा लाग्छौं ।



थाईहरु साह्रै धर्मात्मा हुन्छन् । ठाउँ ठाउँमा सुन्दर मन्दिर र तिनमा भक्तहरुको घुइँचो । बैंककका मन्दिरहरुमा बाजागाजा सहित बसेका पुरुषहरु धुन बजाउँथे भने सुन्दर अप्सराहरु भगवानका लागि नृत्य गर्दथे । कमलको फूल प्रिय रहेछ त्यहाँका भगवानलाई । हिन्दू र बौद्ध धर्मको यस्तो अद्भुत संगम त त्यहाँ पो देख्न पाइने रहेछ । बौद्ध मन्दिर, द्वारमा सुरक्षाका लागि गरूडको पहरा, भित्र भित्तामा रामायण र अन्य पुराणको सुन्दर चित्रकथा, चतुर्मुखी ब्रह्मा, चतुर्भुज विष्णु र लक्ष्मी, हनुमान, विष्णु जसरी नै शेषनागमा बसेका बुद्ध, नाच्दै गरेका सुन्दर अप्सराहरु, गौतम बुद्धका





विविध मूर्तिहरु, सुनौला छाना र रत्नजडित झैं लाग्ने भित्ताहरु, ग्राण्ड प्यालेसको परिसरमा घुम्दा लाग्थ्यो शायद स्वर्ग पनि यस्तै सुन्दर र रङ्गीन हुँदो हो । मात्रै एउटा कुराले त्यसबेलाको बैंककलाई स्वर्ग होइन कि भन्ने शंका गराउँथ्यो, त्यसबेलाको प्रचण्ड गर्मी । तर त्यस्तो ३८ डिग्रीको हपहपी गर्मीमा पनि मन्दिर परिसरमा भएका मण्डपहरु र अग्लो मन्दिरगृहभित्र बिना कुनै कृत्रिम साधन पाइने शीतलताले बैंककको प्राचीन गृहनिर्माणकलाको प्रशंसा नगरी रहन सकिँदैन ।

कस्तो फरक मैले सुनेको र देखेको बैंकक । बाटोमा हाम्रो टुकटुकले एउटा मोटर साइकललाई ठक्कर दियो । दुवै चालक ओर्लिएर हाँसी हाँसी कुरा गर्न थाले । हामीकहाँ यस्तो भैदिएको भए दुवै जना पाखुरा सुर्किएर चर्को स्वरमा कराउँदै कुटाकुट नै गर्न तम्सिन्थे तर तिनीहरु एकै छिनमा शान्त भएर आ-आफ्नो बाटो लागे । बुद्धको शान्तिको उपदेश यथार्थमा यिनीहरुले आत्मसात गरेका रहेछन् । थाई संस्कृतिमा झगडा पनि हाँसी हाँसी सभ्य भाषामा गर्नुपर्छ रे ! कति धेरै सांस्कृतिक समानताले गर्दा मलाई बैंकक आएर घरै आएजस्तो लागेको थियो, तर मैले सिक्नुपर्ने र घर लानुपर्ने धेरै कुरा रहेछन् यहाँ ।





# पहेंलो आकाशमुनि सपना फुलाउँदै







मार्च महिनामा पनि ल्हासा चिसै हुन्छ । हामीसँग उभिएकी केटीको सुन्दर हाँसोले हामीलाई न्यानो अनुभूति भएको थियो । बीसौँ शताब्दीको नब्बेऔँ दशकमा जन्मेकी यी युवती तिब्बतलाई सहयोग गर्न ल्हासामा शिक्षिकाको रूपमा एक वर्षसम्म काम गरिसकेको भन्दा जो कोहीले विश्वास गर्दैन । उनको नाम वाङ वी येन हो । २३ वर्षीया वाङ छिङ ह्वा विश्वविद्यालयको मानविकी तथा सामाजिक विज्ञान कलेजको चिनियाँ भाषा-साहित्य विषयमा स्नातक हुन् । सन् २०१४ छिङ ह्वा विश्वविद्यालयको शिक्षा सहयोग गर्ने सोह्रौँ टोलीको सदस्यको रूपमा वाङ वी येन ल्हासाको वायी स्कुल पुगेर सहयोगी शिक्षिकाको रूपमा काम गर्न थालेकी थिइन् ।

सामान्यतः सबैको बुझाइमा प्रायशः स्नातकले पैचिङ, शाङ हाइ, क्वाङ चौ जस्ता ठूला शहरमा काम गर्छन् । वाङ वी येनले सबैको छनौट विपरीत तिब्बतलाई रोजिन् । समुद्री सतहदेखि औशत चार हजार मिटरभन्दा उचाइमा रहेको तिब्बतमा बस्नु र सेवा गर्नु चुनौतीपूर्ण कार्य हो । तिब्बती शिक्षण सहयोग गर्नेबारे चर्चा गर्दै वाङले हाँसेर भनिन्- 'यहाँ शिक्षण सहयोग गर्ने मेरो पहिलो सपना थियो । किनभने विश्वविद्यालयमा हुँदा स्कुलमा धेरै छोटो समयको शिक्षा सहयोग गर्ने कार्यक्रम थिए । उदाहरणका लागि शनिबार, आइतबार ह पै प्रान्तीय गाउँको प्राथमिक स्कुलमा शिक्षण सहयोग गर्नुपर्थ्यो तर त्यतिखेर म कला टोलीमा व्यस्त भइरहेकाले शनिबार र आइतबार कहिल्यै भ्याउँदिनथेँ । त्यसकारणले म स्नातक भएपछि शिक्षण सहयोग गर्ने सोचाइमा थिएँ । दोस्रो कारण भनेको तिब्बती बौद्ध धर्ममा मेरो गहिरो रूचि छ । तिब्बत रहस्यमय ठाउँ पनि हो भन्ने मलाई लाग्छ । योभन्दा पहिले म चीनको दक्षिण-पश्चिमी भागमा पुगेकी पनि थइनँ । तिब्बत अत्यन्तै सुन्दर छ । जीवनकालमा एक पटक सबैले तिब्बत घुम्नैपर्छ ।'

शिक्षक प्रमाणपत्र परीक्षा लिने, शैक्षिक मनोविज्ञान विषय पढ्ने, व्याख्यान कला सिकाउने र परीक्षणका रूपमा व्याख्यान गर्ने आदि विषयको तालिम एक वर्षसम्म लिएपछि बल्ल वाङ वी येन सपनामा देखेको तिब्बत पुगिन् । त्यसपछि तिब्बतमा बिताएको एक वर्षको अनुभवले वाङलाई ठूलो चुनौती थपिदियो । अल्पायन, अक्सिजन अभाव जस्ता समस्या भएर पठार मौसममा उनलाई रातभरि सुत्न गाह्रो भयो । परिवार र साथीलाई छोडेर एक्लो लाग्दा उनले काममा व्यस्त भएर समय बिताउन सिकिन् । एक वर्षमा उनी धेरै रोइन्, स्वास्थ्यमा पनि समस्या भयो तर आफ्नो छनौटबारे कहिले पनि उनलाई पछुतो लागेन ।

उनले आफ्ना अनुभव यसरी सुनाइन्- 'भित्री भूमिको शिक्षा स्रोत, गुणस्तरीय शिक्षासम्बन्धी आफ्नो बुझाइ पनि, सबै लिएर जहाँ चाहिन्छ म त्यहीँ जान्छु ।' यो वाङको इच्छा हो । अनि आफ्नो इच्छालाई पूरा गर्ने उनको विश्वास पनि हो । तिब्बती सैन्य क्षेत्रको ल्हासा वायी स्कुल पुगेपछि वाङले सात र आठ दुईवटा कक्षामा सातवटा सेक्सनमा इतिहास सिकाउँछिन् भने प्राथमिक कक्षामा उनी नृत्य सिकाउँछिन् । हरेक हप्ता २४ वटा कक्षा उनका लागि निकै बोझिलो हुन्छ । विद्यार्थीमध्ये धेरैजसो तिब्बती जातिका बालबालिका छन् । वाङ आफ्ना विद्यार्थीहरूसँग धेरै मिल्छिन् र उनीहरूसँग घनिष्ट सम्बन्ध राख्छिन् । राम्रो कार्य क्षमता रहेकोले स्कुलले प्राथमिक तहको पाँचौं कक्षाको प्रमुख शिक्षकको जिम्मेवारी पनि उनैलाई दिएको छ । वाङका अनुसार विषय सिकाउने शिक्षकभन्दा प्रमुख शिक्षकको जिम्मेवारी धेरै हुन्छ । चौबीसै घण्टा बालबालिकासँग बस्नुपर्छ । यसरी मिहिनेत गरेपछि आफूलाई सन्तुष्टि मिल्ने उनी बताउँछिन् ।

आफ्नो शिक्षण अनुभव र विद्यार्थीसँगको सम्बन्धलाई उनले यसरी व्यक्त गरिन्- 'यहाँ म सबभन्दा वरिष्ठ शिक्षिका होइन तर पनि सबभन्दा बढी विद्यार्थीलाई सिकाउन पाएकोमा मलाई गर्व लाग्छ । एक कक्षादेखि आठ कक्षासम्मका सबै विद्यार्थीलाई म चिन्छु । हरेक दिन बालबालिकाहरु स्कुल आउने-जाने गरेको हेर्दा निकै उपलब्धियुक्त लाग्छ । सबै भन्छन्- नमस्कार गुरूआमा । अनि म पनि जवाफ दिन्छु- नमस्कार मेरा प्यारा विद्यार्थीहरु । यो अनुभवले मलाई  निकै खुसी बनाउँछ । भविष्यमा शिक्षक नबने पनि मैले पाएको यो अनुभव जीवनभरका लागि अविस्मरणीय छ । कठिन कार्यपछिको खुसीको अनुभव साँच्चिकै महत्वपूर्ण हुन्छ भन्ने मलाई लाग्छ । एक पटक नृत्य कक्षामा बालबालिकाले मलाई अँगालो हालेका थिए । त्यतिबेला मलाई शिक्षक हुँदाको धेरै आनन्द लागेको थियो । मेरो विचारमा युवा उमेरमै विभिन्न अनुभव लिनुपर्छ ।'

छिङ ह्वा विश्वविद्यालयको शिक्षण सहयोग गर्ने सोह्रौँ टोली गत नब्बेऔँ दशकमा जन्मेका युवाहरूबाट गठित भएको हो । उनीहरूले छिङ ह्वा विश्वविद्यालयको 'बोलीभन्दा काम पहिला' भन्ने मन्त्र लिएर तिब्बत, छिङ हाइ, कान सु आदि दुर्गम र अल्पविकसित क्षेत्र पुगेर आफ्नो व्यावहारिक कार्यवाही गरी पश्चिमी चीनको शिक्षा अवस्थालाई परिवर्तन गर्न प्रयास गरिरहेका छन् । वाङका अनुसार धेरैजसो विद्यार्थीका बाबु-आमा निकै व्यस्त हुन्छन् र उनीहरूलाई शिक्षा दिन भ्याउँदैनन् । त्यसैले उनीहरूलाई शिक्षा दिन अझै बढी समय खर्चिनु पर्छ । एक वर्षको सहयोगी शिक्षण जीवन बितेपछि विद्यार्थीलाई कसरी शिक्षा दिने भन्नेबारे वाङको छुट्टै अनुभव पनि बनेको छ । विद्यार्थीको अवस्था र परिवेश चिनेर शिक्षण गर्ने वाङले भनिन्- 'उनीहरूसँग बस्दा आफूलाई गुरू वा ज्ञान जान्ने एक मात्रै मानिसको रूपमा राख्नु हुँदैन । शिक्षण गर्ने क्रममा वा गफ गर्दा उनीहरु धेरै समयसम्म मौन बस्छन् । यसरी नै उनीहरूको दृष्टिकोण र सोचाइ बुझ्नुपर्छ । त्यसैले विद्यार्थीसँग कुराकानी गर्दा मैले तिमी किन यसरी सोचाइमा डुब्छौ भनेर सोध्छु । अन्त्यमा उनीहरूको तर्कबाट उनीहरूलाई शिक्षण गर्छु । उनीहरूको दृष्टिकोण र सोचाइबाट मैले कसरी सिकाउनु पर्छ भन्ने कुरा जानेकी छु ।'

वाङका अनुसार तिब्बतको पहेँलो आकाश र सेतो बादलमुनि जीवन बिताउँदा हरेक दिन निकै आनन्द लाग्छ । युवा हुँदा विभिन्न अनुभव लिनुपर्छ अनि सबै अनुभव लिएपछिको जीवन आनन्दपूर्ण हुन्छ । तिब्बतमा सहयोगी शिक्षण गर्ने यो अनुभवबाट उनलाई निकै फरक र गहिरो ज्ञान प्राप्त भएको छ र ती सम्झनायोग्य पनि छन् । उनले जीवनमा बटुलेका अनुपम अनुभवमा तिब्बती ज्ञान अविस्मरणीय रहेको बताइन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*



# अभिनयदेखि समाजसेवासम्म



ली पिङ पिङको जन्म सन् १९७३ मा चीनको है लौं च्याङ प्रान्तको उ छाङ जिल्लामा भएको हो । सन् १९८९ मा उनी शिक्षक प्रशिक्षण कलेजमा प्रवेश गरिन् । विभिन्न किसिमका वाद्यवादन बजाउन सक्ने, राम्रो गायन र नृत्य गर्ने उनले कलेजमा छिट्टै लोकप्रियता कमाइन् । उनी १९ वर्षको उमेरमै प्राथमिक स्कुलमा संगीत शिक्षक भइन् । उनी २० वर्षको उमेरमा शाङहाई नाट्य एकेडेमीमा प्रवेश गरिन् ।

सन् १९९४ देखि २००० मा उनले धेरै टेलिभिजन शृंखला र फिल्ममा अभिनय गरिन् । उनले 'वेट अर्डर', 'थाङ वंशको ता मिङ दरबार', 'महान दरबार' जस्ता टेलिभिजन शृंखलामा अभिनय गरिन् । तर यी टेलिभिजन शृंखलामा उनले कुनै पनि पुरस्कार पाउन सकिनन् र ती टिभी शृंखलाहरु लोकप्रिय पनि हुन सकेनन् ।

सन् २००० मा निर्देशक चाङ युआनको फिल्म 'सेभेन्टिन इयर्स'मा उनले मुख्य अभिनेत्रीको भूमिका पाइन् । यही फिल्मले ५६औँ भेनिस अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा सबैभन्दा राम्रो निर्देशक पुरस्कार प्राप्त गरेको थियो र यही फिल्मबाट ली पिङ पिङले १३औँ सिंगापुर अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा उत्कृष्ट अभिनेत्रीको पुरस्कार पनि प्राप्त गरिन् ।

सन् २००४ मा उनकी सानी बहिनी ली स्येले ली पिङ पिङको सहायकको रूपमा काम गर्न थालिन् । यही वर्ष निर्देशक उ श स्येनको रोमान्टिक कमेडी फिल्म 'वेटिङ एलोन'मा ली पिङ पिङले मुख्य अभिनेत्रीको भूमिका गरिन् । यस फिल्मबाट उनी पहिलो पटक 'गोल्डेन रूस्टर एण्ड हन्ड्रेड फ्लावर्स फिल्म फेस्टिभल'मा सर्वोत्कृष्ट अभिनेत्रीको सूचीमा परेकी थिइन् । तर उनले पुरस्कारचाहिँ प्राप्त गर्न सकिनन् । यही वर्ष उनले निर्देशक फङ स्याउ काङको फिल्म 'अ वर्ल्ड विथआउट थिभ्स'मा अभिनय गरिन् । यो फिल्मबाट उनी 'गोल्डेन रूस्टर एण्ड हन्ड्रेड फ्लावर्स फिल्म फेस्टिभल'मा सर्वोत्कृष्ट सहायक अभिनेत्रीको सूचीमा पर्न सफल भइन् । यस पटक पनि उनले पुरस्कार भने प्राप्त गर्न सकिनन् । त्यसपछिका दुई वर्षसम्म उनी 'गोल्डेन रूस्टर एण्ड हन्ड्रेड फ्लावर्स फिल्म फेस्टिभल'मा सर्वोत्कृष्ट अभिनेत्रीको सूचीमा छनोट भइन् तर कहिल्यै पुरस्कार प्राप्त गर्न सकिनन् । सन् २००६ मा उनले निर्देशक यिङ लीको फिल्म 'द नट'मा मुख्य अभिनेत्रीको भूमिका निर्वाह गरिन् । सो फिल्मबाट उनले सन् २००७ मा ओर्नाम कोलम अवार्ड र सन् २००८ मा 'गोल्डेन रूस्टर एण्ड हन्ड्रेड फ्लावर्स फिल्म फेस्टिभल'मा सर्वोत्कृष्ट अभिनेत्री पुरस्कार प्राप्त गरिन् ।

सन् २००८ मा उनले फिल्म 'द फर्बिडन किङडम'मा मार्शल आर्ट सुपर स्टार ज्याकी चनसँगसँगै मुख्य अभिनेत्रीको भूमिका गरिन् र सन् २००९ मा फिल्म 'द म्यासेज'को धेरै राम्रो प्रदर्शनबाट ४६औँ ताइवान 'गोल्डेन हर्स अवार्ड'मा सर्वोत्कृष्ट अभिनेत्री पुरस्कार प्राप्त गरिन् । त्यसपछि उनी चीनमा अत्यन्त लोकप्रिय भइन् । त्यही वर्ष उनले आफ्नो सार्वजनिक ब्रान्ड 'एल.ओ.भी.ई'को स्थापना गरिन् । यस ब्रान्डको मुख्य विषय 'जीवनलाई हेरविचार गर्नु र वातावरणको सुरक्षा गर्नु' रहेको छ ।

सन् २०१० मा ली पिङ पिङले आफ्नै कम्पनी स्थापना गरिन् । उनको कम्पनीले लगानी गरेको पहिलो फिल्म 'सिन हाइ क मिङ' हो । चीनका चलचित्रमा सहभागी हुनुबाहेक ली पिङ पिङले अमेरिकी हलिउडका चलचित्रमा पनि अभिनय गरेकी छन् । सन् २००८ मा 'द फर्बिडन किङडम'मा हलिउड सुपरस्टार ज्याकी चनसँग अभिनय गरेकी उनले सन् २०१० मा कला फिल्म 'स्नो फ्लावर एण्ड द सेक्रेट फ्यान'मा मुख्य अभिनेत्रीको भूमिका गरिन् । सन् २०१२ मा उनले फिल्म 'रेसिडेन्ट इभिल : रेट्रिब्युसन'मा पनि अभिनय गरिन् । सन् २०१३ मा उनले फिल्म 'ट्रान्सफर्मर : एज अफ इक्जिटन'मा अभिनय गरिन् ।

चलचित्रमा अभिनयसँगसँगै ली पिङ पिङले थुप्रै परोपकारी र समाजसेवाका कामहरु गरेकी छन् । सन् २००७ देखि सन् २०१३ सम्म उनी हरेक वर्ष 'बजार च्यारिटी नाइट'मा सहभागी भइन् । उनले अहिलेसम्म चालिस लाख चिनियाँ युआन बराबर दान गरिसकेकी छन् । सन् २००८ मा वन छवान भूकम्प पीडितका लागि उनले तीन लाख चिनियाँ युआन दान दिइन् । सन् २००९ मा उनले एउटा पुस्तक प्रकाशित गरिन् । उनले यो पुस्तकको पहिलो संस्करणको रोयल्टी युनिसेफलाई दान दिइन् । धेरै वर्षदेखि उनी थुप्रै परोपकारी र समाजसेवाका काममा सहभागी हुँदै आएकी छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*




# लोकप्रिय बन्दै चिनियाँ दम्पतीको रेष्टुरेन्ट

काठमाडौं, बिजुलीबजारमा एउटा चिनियाँ रेस्टुरेन्ट छ । यो रेस्टुरेन्ट पर्यटकीय क्षेत्रबाट टाढा भए पनि चिनियाँ पर्यटक माझ निकै लोकप्रिय छ । खाना खाने समयमा रेस्टुरेन्ट खचाखच हुने भएकोले कहिलेकाहीं ठाउँ पाउनै मुश्किल पर्छ । यस रेस्टुरेन्टका मालिक चीनको ह नान प्रान्तबाट आएका हुन् । उनले आफ्नी श्रीमती सँगसँगै यस रेस्टुरेन्ट चलाइरहेका छन् । उनीहरु नेपालमा परिचित भएका हुन् र अन्त्यमा विवाह गरेका थिए ।

श्रीमतीको नाम शी चान हो । उनी हाइस्कूल पूरा गरेपछि विश्वविद्यालयमा बढेकी थिइन् । सन् १९८८ मा शी चानकी काकीले नेपालमा व्यापार गर्ने उद्देश्यले काठमाडौं शहर नजिक एउटा होटल चलाएकी थिइन् । सो होटल चलाउनका लागि उनलाई एकजना सहायक चाहिएको थियो । यसै सिलसिलामा शी चान सन् २००१ मा आफ्नी काकीलाई नेपालमा सघाउन आएकी थिइन् । काकीको सहयोगीका रुपमा काम गर्दागर्दै उनले होटल चलाउन सिकेकी थिइन् ।

श्रीमान् ह्वाङ् पहिला ह नान प्रान्तको एउटा रेस्टुरेन्टमा कुकको काम गर्थे । त्यस अवधिमा उनले मीठो खाना बनाउने प्रतियोगितामा धेरै पुरस्कार पाएका थिए । उनी सानो हुँदा विदेशी मुलुक बस्ने र काम गर्ने इच्छा राखेका थिए । उनका एक जना शिक्षक सन् २००१ देखि नेपालस्थित चिनियाँ राजदूतावासमा कुकको काम गर्थे । ती शिक्षक र शी चानकी काकी राम्रो साथी बने । ती शिक्षक शी चानलाई ह्वाङ्सँग परिचय गराउन इच्छुक थिए । किनभने ह्वाङ् दयालु मान्छे मात्र नभई काम गर्न



पनि सिपालु थिए । यसरी सन् २००४ को जुनमा आफ्ना शिक्षकको निमन्त्रणामा ह्वाङ् नेपाल गएका थिए । त्यस बेला उनले श्रीमती शी चानलाई पनि भेटे । ह्वाङ्को सम्झनामा शी चान एक सुन्दरी तथा राम्री केटी थिई भने शीको नजरमा ह्वाङ् एक जना दयालु र राम्रो केटा थिए । दुवैले एक अर्कोमा जीवनसाथीका रूपमा खोजेको गुण पाएपछि उनीहरूले सन् २००४ को नोभेम्बरमा नेपालमा विवाह गरेका थिए ।

ह्वाङ्ले नेपाल आएको सुरूका दिनमा काठमाडौंको होटल एभरेष्टमा काम गर्न थाले । शी चान काकीको होटलमा काम गर्थिन् । काकीको होटलको काममा धेरै व्यस्त भएकाले ह्वाङ्ले आफ्नो काम छोडेर शी चानसँग मिलेर काकीको होटल चलाएका थिए । यसरी नै सो होटलको चिनियाँ खाना तुरून्तै लोकप्रिय बनेको थियो । यसको लोकप्रियता बढेसँगै धेरैभन्दा धेरै ग्राहकहरु आउन थालेका थिए । सन् २००७ मा उनीहरूले आफ्नो प्रयासले पहिलो पटक होटल चलाउने पैसा कमाएका थिए ।

व्यापार राम्रो भइरहेका बेला शी चानले छोरी जन्माएकी थिइन् अनि उनीहरु चीनको घर फर्केर चीनमा काम तथा नयाँ जीवन सुरू गर्ने विचार गर्न थाले । चीन फर्केको आधा वर्षसम्म ह्वाङ्ले चीनको जीवनलाई त्यति मन पराएका थिएनन् । त्यसपछि उनीहरूले फेरि नेपाल फर्केर काम गर्ने विचार गरे । सन् २००८ मा उनीहरु फेरि नेपालमा फर्किए । सुरूमा ह्वाङ्ले एउटा चिनियाँ कम्पनीमा कुकको काम गरे । केही महिनापछि उनले आफ्नै लगानीमा रेस्टुरेन्ट खोल्ने निश्चित गरे । सन् २०१० को जुलाईमा उनले हुङ् स्याङ् नामक चिनियाँ रेस्टुरेन्ट चलाउन सुरू गरे । यस रेस्टुरेन्ट त्यति चल्तीको ठाउँमा छैन र धेरै मान्छेहरूले सजिलै पत्ता लगाउन सक्दैनन् । तर यहाँको चिनियाँ खाना मीठो मात्र नभई यहाँको सेवा पनि राम्रो भयो । विस्तारै विस्तारै धेरैभन्दा धेरै मानिसहरु यहाँ आउन थाले र एकले अर्कालाई यसको प्रशंसा गर्न थाले ।

उनीहरु नेपालमा काम गर्ने क्रममा नेपालीलाई पनि सक्दो सहयोग गर्ने गरेका छन् । सन् २०१३ को अब्टोबरमा सीआरआई कम्फ्युशियस क्लासरूमबाट आयोजित एउटा कार्यक्रममा हुङ् स्याङ् रेस्टुरेन्टले नेपालको एउटा टुहुराहरूको स्कुललाई एक लाख ६० हजार नेपाली रूपैयाँ दिएको थियो । यसबाहेक एक सय पचास किलो चामल पनि ती टुहुराहरूलाई उपलब्ध गराएको थियो ।

ह्वाङ् तथा शी चानका अनुसार नेपालमा बस्न सुरूमा धेरैजसो चिनियाँहरु त्यति मन गर्दैनन् । तर विस्तारै नेपाललाई मन पराउँदै जान्छन् । किनभने यहाँका मानिस दयालु छन् र यहाँको मौसम पनि राम्रो छ । नेपालमा बस्दा उनीहरु एक अर्कालाई सहयोग दिन्छन् र आपसी माया पनि राम्रो देखिन्छ । त्यसैले आगामी दश वर्षसम्म नेपालमा बस्ने र यहाँको कार्यलाई अझ बढी प्रवर्द्धन गराउने योजना उनीहरूले बुनेका छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*



तस्वीर सौजन्य : दीपाश्री निरौला

# दीपाश्री–प्रियंका अनौठो आकर्षण

नेपाली चलचित्र उद्योगमा कलाकारहरूबीच घनिष्ठ मित्रता तथा गहिरो दुश्मनी नहुने परम्परा प्रारम्भदेखि नै चलिआएको हो । केही कलाकारमा यदाकदा दुश्मनी भए पनि सीमित अवधिका लागि मात्र हुने गरेको छ । बाहिरबाट डरलाग्दो दुश्मनी देखिए पनि भित्रभित्रै उनीहरूमा निकै राम्रो मित्रता हुने गरेको पछिल्लो घटनाक्रमले देखाएको छ ।

हास्य अभिनेत्री दीपाश्री निरौला र हट नायिका प्रियंका कार्कीबीच चलचित्र 'वडा नम्बर ६' को सुटिङताका निर्मात्री र नायिकाको नाताले दुवैबीच त्यति राम्रो सम्बन्ध नभएको गाइँगुइँ हल्ला चले पनि यी दुईबीच असोज १ गतेबाट चलचित्र 'वडा नम्बर ६' रिलिज हुने पक्का-पक्की भएपछि अत्यन्त राम्रो मित्रता भएको छ ।

दुवैबीच हाल एउटै आमाले जन्माएका दिदीबहिनीको भन्दा राम्रो सम्बन्ध देखिएको छ । दीपाले 'बहिनी' भनेपछि प्रियंका लुटुपुटु नै बनेर 'मेरी दिदी' भनेर लागिपर्ने गरेकी छन् । त्यसमाथि, दुई चलचित्र '६ एकान ६' र 'वडा नम्बर ६' की निर्मात्री बनेकी दीपा यी दुवै चलचित्रमा नायिका बनेकी छैनन् । ६ एकान ६ मा नीता ढुंगाना र वडा नम्बर ६ मा प्रियंका कार्कीलाई नायिका बनाएर आफू केवल शुद्ध चलचित्र निर्मात्री मात्र भएको

भन्दै आएकी दीपाले आफूमा नायिका बन्ने क्षमता भए पनि अरूलाई नै मौका दिएको बताइन् ।

चलचित्र निर्माणको सफल अनुभवसँगै दीपा अब चलचित्र निर्देशक पनि बन्ने भएकी छन् । 'छ भने माया छप्पकै लाइदेऊ' नामक चलचित्र निर्देशन गर्ने घोषणा दीपाले गरिसकेकी छन् । दीपाले निर्देशन गर्ने भनिएको उक्त चलचित्रमा प्रियंका कार्कीलाई नै नायिका बनाउने संकेत दिइसकेकी छन् । यसले गर्दा पनि दीपाप्रतिको मोह प्रियंकाको अझ बढी नै जागेको हो ।

प्रियंकाको समकालीन नायिका निशा अधिकारी कलिउडमा काम नपाएको झोकमा अमेरिका पलायन हुने सोचमा छिन् । यस अवस्थामा पनि एकपछि अर्को चलचित्र पाउँदै आएकी प्रियंकाको भाग्य बलियो नै भएको मानिएको छ । कलिउडमा विनाशकारी भूकम्पपछि प्रायः नायिका बेरोजगार भएको अवस्थामा प्रियंकालाई भने भ्याइनभ्याइको अवस्था रहेको छ ।

त्यसमाथि, चर्चाको लागि जस्तोसुकै बोल्ड बन्न पनि तयार हुने प्रियंकाको दीपासँगको घनिष्ठता चलचित्र निर्माण सम्पन्न नभएसम्म हो कि भन्ने आशंका गरिएको छ । 'त्यसरी आशंका गर्नेहरूलाई हामीबीच दिदीबहिनीको भन्दा राम्रो सम्बन्ध रहेकोले शंका नगर्न आग्रह गर्छु', प्रियंका भन्छिन् ।

यता चलचित्र 'वडा नम्बर ६' का अर्का निर्माता तथा अभिनेता दीपकराज गिरीले वडा नम्बर ६ का निर्देशक उज्ज्वल घिमिरे नेपाली



तस्बीर : कविन्द्रमान शाक्य



चलचित्र उद्योगकै बाङ्गा निर्देशक भएको आफूले संगत गरेपछि थाहा पाएको बताएका छन् । त्यसले गर्दा वडा नंबर ६ को फस्ट लुक्सको पोष्टरमा कसैको पनि नाम नलेखी छड्के पारामा निर्देशक उज्ज्वल घिमिरेको मात्र नाम राखेको खुलासा गरेका छन् ।

यस अर्थमा निर्माता दीपकराज गिरी र निर्देशक उज्ज्वल घिमिरेबीच चलचित्र निर्माणताका सम्बन्ध त्यति राम्रो नभएको देखिएको छ । बिग्रेको सम्बन्धलाई सपार्न गिरीले वडा नम्बर ६ को फस्ट लुक प्रयोग गरेको स्पष्ट भएको छ ।

नेपाल टेलिभिजनको लामो भागको हास्य सिरियल तीतो-सत्यबाट जमेका बुलन्द जोडी दीपा र दीपकले निर्माण गरेको चलचित्र '६ एकान ६' पछि दोस्रो चलचित्र 'वडा नम्बर ६' पनि हिट हुने आंकलन गरिएको छ । फिल्म नचलेको वर्तमान अवस्थामा फिल्म चलाउने सूत्र यो बुलन्द जोडीमा भएकोले चलचित्र वडा नम्बर ६ को लगानी नडुब्ने कुरामा अर्का निर्माता 'गैंडा' अर्थात् निर्मल शर्मा ढुक्क बनेका छन् ।

कुनैबेला तीतो-सत्यका हिट 'बेमान' रवि डंगोलसँग पानी बारबार जस्तो देखिएका यी जोडीको बेमानसँग अहिले अत्यन्त नजिकको सम्बन्ध रहेको छ । केही समय तीतो-सत्यबाट बाहिरिएका बेमानलाई दुवैले भित्र्याएर आफूहरूबीच बाहिर हल्ला चलेजस्तो दुश्मनी नभएको प्रमाणित गरेर देखाइदिएका छन् ।



डा. सोमलाल सुवेदी



प्रा. डा. गोविन्दराज पोखरेल

# हार्दिक बधाई एवम्
# शुभकामना

नेपाल सरकारका मुख्य सचिवमा **डा. सोमलाल सुवेदी** र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतमा **प्रा. डा. गोविन्दराज पोखरेल** नियुक्त हुनुभएकोमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौं । साथै, उहाँहरूलाई मुलुकमा सुशासन कायम गर्न र भूकम्पबाट क्षतिग्रस्त संरचनाहरू पुनर्निर्माण गर्न सफलता प्राप्त होस् भन्ने कामना पनि गर्दछौं ।

**व्याकुल पाठक**
अध्यक्ष तथा प्रधानसम्पादक

Dream Nepal Publications (P.) Ltd.

**ड्रिम नेपाल पब्लिकेसन्स प्रालि**
गोंगबु, काठमाडौं, फोन : ०१-४३५६१४१

# Chase Business Group


House N. 63/19, Gangahity Madhyamarga, Chabahil

Ph: 4497292, Mobile: 9841-814820












फुल्छ फूल कोपिला फक्रेर, फैलिन्छ चारैतिर सुवास छर्दै ।
सुगन्ध छर्छौं फूलले झैं यत्रतत्र, सुनाउँदैछौं हामी सर्वत्र ॥

Celebrating 9th Anniversary

capitalFM™ 92.4 cent percent yours.....

We would like to thanks
our listeners, business partners
& well wishers for being with us.

24 HRs **LIVE** on
www.cfmonair.com
+977 1 4475345, 4475346